नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

आवश्यकता !

जनकनन्दनी एफ.एम. ९५.५ मेगाहर्जका लागि रात्रीकालीन प्राविधिक १ जना र समाचार वाचिका (संख्या-२) बजार व्यवस्थापक (संख्या-१) आवश्यकता भएकोले, सो कार्य गर्न इच्छुक तथा योग्य अनुभवी व्यक्ति छिट्टै सम्पर्क गर्नुहोला।

सम्पर्क:
जनक नन्दनी एफ.एम. ९५.५ मेगाहर्ज
जनकपुरधाम, भानु चौक
सम्पर्क : 9854028218

वर्ष ४ • अंक ०३ • २०८२ साल कार्तिक २६ गते बुधबार • Wednesday 12, November 2025 • सूर्योदय: बिहान ०६:२१ बजे • सूर्यास्त: साँझ ५:१७ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# पदभार ग्रहण गरेकै दिन दीर्घकालीन असर पर्ने काम नगर्न आदेश



**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले मंगलबार पदभार ग्रहण गरेका छन् । तर पदभार ग्रहण गरेकै दिन उनलाई दीर्घकालीन असर गर्ने कुनै निर्णय नगर्न अदालतको आदेश आएको छ ।

कडा सुरक्षाका बीच उनले पदभार ग्रहण गरेका हुन् । मुख्यमन्त्री यादवले पदभार ग्रहण गर्ने थाहा पाएपछि बिहानैदेखि आन्दोलनमा रहेका सरकार बाहिरका दलले मधेश भवनअगाडि विरोध प्रदर्शन गरिरहेको अवस्थामा सुरक्षाकर्मीले उनलाई भित्र प्रवेश गराएर पदभार ग्रहण गर्न लगाएका छन् । पहिलो मन्त्रिपरिषदको बैठकले मधेश आन्दोलनमा शहादत दिनेलाई 'मधेश रत्न' दिने निर्णय गरेको छ । मन्त्रिपरिषदको बैठकले समेत यो विषयमा निर्णय गरेको छ । यस विषयमा निर्देशनपछि निर्माण गरिने जानकारी दिए । यता सर्वोच्च अदालतले नवनियुक्त मुख्यमन्त्री तथा मन्त्रीहरुलाई कुनै पनि प्रकारकारको दीर्घकालीन असर पर्ने नीतिगत निर्णय नगर्न अन्तरिम आदेश जारी गरेको छ ।

जनकपुरधाम उपमहानगरपालिका–१६ घर भएका रक्की प्रसाद साह समेतले सर्वोच्च अदालतमा दायर गरेको रिटमा न्यायाधीश टेकप्रसाद ढुंगानाको एकल इजलासले नेपालको संविधानको धारा १६८ को ३ बमोजिम नियुक्त सरकारविरुद्ध अन्तरिम आदेश जारी गरेको हो । सर्वोच्चले यो मुद्दाको अन्तिम टुंगो नलागेसम्म कार्तिक २३ गते नियुक्त मुख्यमन्त्री र उनको सिफारिसमा गठन भएको मन्त्रिपरिषद्वाट मधेश प्रदेशलाई दीर्घकालीन प्रभाव पार्ने कुनै पनि नीतिगत निर्णण नगर्न आदेश दिएको साहले बताए ।

सर्वोच्च यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए सोको आधार कारणसहित मंसिर १० गतेभित्र प्रदेश प्रमुख, मधेश प्रदेशको हकमा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ तथा अन्य प्रत्यर्थीहरुको हकमा मुख्य न्यायाधीवक्ताको कार्यालय, मधेश प्रदेशमार्फत लिखित जवाफ पेश गर्न भनेको छ ।

सर्वोच्चले यो रिटको विषयवस्तु संवेदनशील, सार्वजनिक महत्वको संवैधानिक प्रश्न र छिटोछरितो टुंगो लगाउनुपर्ने प्रकृतिको देखिएकाले कुनै पनि पक्षले पेशी स्थगित गर्न नपाउने गरी सर्वोच्च अदालत नियमावलीबमोजिम अग्राधिकार दिई अन्तिम सुनुवाईका लागि अन्य एक रिटलाई साथै पेशी चढाई मंसिर ११ गते पेश गर्न आदेश दिएको हो । यता रातारात होटेलमा नियुक्त भएका मुख्यमन्त्री यादवले मंगलबार साँझ पदभार ग्रहण गरेका छन् ।

## दिनभर विरोध प्रदर्शन, प्रहरीद्वारा लाठी चार्ज

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति असंवैधानिक भएको भन्दै सरकार बाहिर रहेको दलहरुले मधेश भवन अगाडि विरोध प्रदर्शन गरेका छन् । उनीहरुले टायर बालेर विरोध प्रदर्शन गरेका हुन् । बिहानदेखि मधेश भवनअगाडि विरोध प्रदर्शन गरेका छन् । बिहानैदेखि मधेश भवनअगाडि जम्मा भएका नेता कार्यकर्ताले विरोध जनाएका छन् । विरोध कार्यक्रममा प्रदेश सभा सदस्यसमेत सहभागी भएका थिए । केही समयका लागि धर्नामा र विरोधमा लोसपाका केन्द्रीय अध्यक्ष महन्थ ठाकुरसमेत सहभागी भएका थिए । जनता समाजवादी पार्टीका प्रमुख सचेतक रामअशिष यादवले संवैधानिक उपचार र सडक आन्दोलन दुवै आवश्यक भएकाले आन्दोलन र मुद्दा दायरसम्म गरिएको जानकारी दिए । पूर्वमुख्यमन्त्री जितेन्द्र सोनल अहिले पनि मुख्यमन्त्री निवासमा बस्दै आएका छन् भने आन्दोलनका कारण मुख्यमन्त्री सरोजकुमार यादव पदभार ग्रहण र मुख्यमन्त्री निवास छिर्न पाएका थिएनन् । मंगलबार साँझ दक्षिणतर्फ रहेको सशस्त्र ब्यारेकको बाटोबाट प्रवेश गरेर मुख्यमन्त्री यादवले पदभार ग्रहण गरेका हुन् । त्यस समय सात दलका नेता कार्यकर्ता भने मधेश भवनको छेउबाट रहेको



पूर्व–पश्चिमको बाटोमा धर्नासहित प्रदर्शन गरिरहेका थिए । त्यही समय आएको सर्वोच्च अदालतको आदेशको खुशीयाली पनि मनाएका थिए । तर, मुख्यमन्त्रीले पदभार ग्रहण गरेको खबर पाएपछि प्रदर्शनकारी चर्को नाराबाजीमा उत्रेका थिए ।

भीडलाई नियन्त्रणमा ल्याउन प्रहरीले लाठी चार्ज गरेको थियो । त्यसपछि भीड तितरबितर भएको थियो । प्रहरीको लाठी चार्जबाट आक्रोशित भएको भीड रेलवे लिकबाट ढुंगा ल्याएर प्रहरी भएकातर्फ फ्याँकिरहेका थिए । साँझ भने अवस्था सामान्य भएको छ । घाइतेको विषयमा यकिन विवरण नआएको धनुषा प्रहरीले जनाएको छ ।

- **प्रदेश प्रमुख हटाउनु संघीयतामाथिको प्रहार**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश प्रमुख हटाउनु संघीयतामाथिको प्रहार भएको बताएका छन् । उनले संघीय सरकार संघीयतालाई बलियो नहोस् भन्ने चाहनाअनुसार नै कहिले राजदूत त कहिले प्रदेश प्रमु्खलाई हटाउने गरेको बताउँदै प्रदेश प्रमुखलाई हटाउने कार्य संविधान र संघीयतामाथिको प्रहार भएको बताएका छन् ।

मुख्यमन्त्री यादवले नेपाली कांग्रेसका प्रदेश उपसभापति तथा प्रदेश सरकारका मन्त्री समेत भएका विरेन्द्र प्रसाद सिंहले राष्ट्रिय झन्डाको अपमान गर्ने काम हुनु निन्दनीय भएको बताउँदै कर्मचारी माथिको हातपातको विषयको कडा रूपमा निन्दा गरे ।

जनकपुरधाममा गरिएको पत्रकार सम्मेलनमा बोल्दै मुख्यमन्त्री यादवले आफू नचाहँदा नचाहँदै पनि मुख्यमन्त्री बनेको बताउदै संवैधानिक व्यवस्थाअनुसार ठूलो दलको हैसियतमा मुख्यमन्त्रीमा नियुक्त गरिएको बताउँदै होहल्ला गरेर पद नजाने बताउँदै संविधानको सर्वोच्चतालाई सबैले स्वीकार गर्नुपर्ने जिकिर गरे ।

उनले आफू प्रदेश सभा विघटन गर्न लागेको जस्ता हल्ला चलाइएको बताउदै यसमा कुनै सत्यता नरहेको समेत प्रष्ट पारे ।

मुख्यमन्त्री यादवले अहिले पनि नेपाली कांग्रेसको नेतृत्वमा सर्वदलीय सरकार बन्छ भन्ने आफू राजीनामा दिएर सरकारलाई सघाउन तयार रहेको बताउँदै यसमा कुनै पनि दुविधा नपाल्न आग्रह गरे ।

उनले सर्वोच्च अदालतमा दलहरु मुख्यमन्त्रीको नियुक्तलाई लिएर गएका कारण त्यहाँबाट आउने आदेशलाई आफूले पालना गर्ने बताए । नेपाल कम्युनिष्ट पार्टी (एमाले) प्रदेशसभामा सबैभन्दा ठूलो राजनीतिक दल भएकाले संविधानको धारा १६८ को उपधारा (३) बमोजिम मुख्यमन्त्री भएको उनले बताए । उनले मधेशका समस्या समाधान गर्न सबै राजनीतिक दलको सहयोग आवश्यक भएको बताए । मुख्यमन्त्री यादवले विध्वंसात्मक गतिविधि त्याग्न सम्बद्ध पक्षलाई अनुरोध गर्दै वस्तुनिष्ठ समाचार सम्प्रेषण गर्न सञ्चारकर्मीलाई पनि अनुरोध गरे ।

झडपक्रममा प्रदर्शनकारीले प्रहार गरेको ढुंगामुढाबाट ५ प्रहरी सामान्य घाइते भएका छन् भने प्रहरीको लाठी प्रहारबाट ५ प्रदर्शनकारी घाइते भएका हुन् । त्यसक्रममा प्रहरीले विरोधमा उत्रिएका दलका नेता तथा कार्यकर्तामाथि लाठीचार्ज समेत गरेका छन् । प्रहरीले विरोध प्रदर्शनमा उत्रिएका दलका नेता तथा कार्यकर्तामाथि लाठीचार्ज गर्दै भिडलाई तितरबितर बनाएको थियो ।

## मधेश प्रदेश प्रमुख कर्णको शपथ



राष्ट्रपति रामचन्द्र पौडेलले नवनियुक्त मधेश प्रदेशका प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । राष्ट्रपति कार्यालय शीतल निबासमा मंगलबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले कर्णलाई शपथ गराएको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ । समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, सभामुख देवराज घिमिरे, मन्त्रीगण, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी सहभागी थिए । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले मधेश प्रदेशको प्रदेश प्रमुखमा धनुषाका सुरेन्द्र लाभ कर्णलाई नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

## निष्पक्ष भएर काम गरेको छुः सभामुख



मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले विश्वासको मतको समयमा आफूले निष्पक्ष भएर काम गरेको बताएका छन् । उनले संविधान र प्रदेश सभाको कार्य विधिअनुसार कार्य गरेको बताए । उनले अधिकतम चलाकता अपनाउदासमेत विश्वासको मत नपाउने दलहरुले आरोप लगाउँछन् भने त्यो ठिक कार्यको विकास नभएको बताए । मण्डलले आफूलाई एमालेको नजरको रुपमा हेर्ने गरिए पनि आफू निष्पक्ष र दल परित्याग गरेको बताउँदै आफ्नो विषयमा प्रश्न उठाउनु गलत रहेको बताए । मण्डलले संविधान पढेर आउनसमेत आग्रह गरे । मण्डलले आफूमाथि महाअभियोग लगाउछ भने त्यसको लागि तयारसमेत रहेको बताए ।

- **मुख्यमन्त्रीलाई गोपाल सेवा समितिको बधाई**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई राधा कृष्ण मन्दिर गोपाल सेवा समितिले बधाई दिएको छ । जिल्ला अध्यक्ष अकेश्वर यादव र जिल्ला सचिव राजकुमार यादवले जारी गरेको विज्ञप्तिमा मधेश प्रदेशको मुख्यमन्त्री यादवलाई नियुक्त भएपछि बधाई दिएका छन् । उनीहरुले सफलताको समेत कामना गरेका छन् ।

## सात दल सर्वोच्च अदालतमा

मधेश प्रदेशको राजनीति फेरि एकपटक उथलपुथलमा छ । प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) बमोजिम नेकपा एमालेका नेता सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेपछि सात दल एकजुट भएर सर्वोच्च अदालत धाएका छन् ।

नेपालको संघीय प्रणालीअन्तर्गत प्रष्टरूपमा लेखिएको संवैधानिक प्रक्रिया नै उल्लङ्घन गरिएको दाबी गर्दै ती सात दलले नियुक्ति असंवैधानिक भनेका छन् । उनीहरूका अनुसार प्रदेशसभामा बहुमतका आधारमा धारा १६८(२) अनुसार सरकार गठन गर्ने सम्भावना अझै बाँकी छ । तर प्रदेश प्रमुखले त्यो प्रक्रिया बेवास्ता गर्दै एमालेका यादवलाई मुख्यमन्त्री बनाएको भन्दै ती दलहरू आक्रोशित बनेका छन् ।

महोत्तरी र सिन्धुलीको सिमानामा रहेको एक होटलमा



यादवलाई शपथ ग्रहण गराइएको दृश्यले राजनीतिक विवादलाई झनै चर्काएको छ । प्रदेश प्रमुखले राजधानी जनकपुरधाममै होइन, होटलमा गएर शपथ गराएको प्रसङ्गले संवैधानिक मर्यादामाथि नै प्रश्न उठेको छ ।

सर्वोच्चमा दर्ता गरिएको रिटमा नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादव, जनता समाजवादी पार्टीकी नेतृ सरोज कुमारी यादव, माओवादी केन्द्रका उपनेता युवराज भट्टराई, लोकतान्त्रिक समाजवादी पार्टीका नेता जैनुल राइन, प्रदेशसभा सदस्य मनिष सुमन र अधिवक्ता दिपेन्द्र झालगायतको हस्ताक्षर छन् ।

रिटमा ७४ प्रदेशसभा सदस्यहरूको समर्थन उल्लेख गरिएको छ, जसले विपक्षी दलहरूको दाबीलाई थप बल प्रदान गरेको देखिन्छ । उनीहरूको माग छ, 'संविधानको सही व्याख्या गरेर धारा १६८(२) अनुसार नयाँ सरकार गठन होस् र हालको नियुक्ति खारेज गरियोस् ।'

# दर्शकले रुचाउन थाले नेपाली चलचित्र

**काठमाडौँ ।**
तिहारको अवसर पारेर प्रदर्शन गरिएका नेपाली चलचित्रलाई दर्शकले साथ दिएका छन् । केही वर्षअगाडि सम्म तिहारमा नेपालीभन्दा विदेशी चलचित्रको वर्चस्व देखिन्थ्यो, तर पछिल्लो समय नेपाली दर्शकको प्राथमिकतामा नेपाली चलचित्र नै परेको पाइएको छ ।

नेपाली कला र संस्कृतिसँगै सामाजिक कथा समावेश गरेर तयार गरिएका प्रदर्शनरत चलचित्रहरूले दर्शकको साथ पाउँदा घरेलु बजारमा राम्रो व्यापार गरेका छन् । चलचित्र विकास बोर्डअन्तर्गत रहेको 'बक्सअफिस २ सिनेपाः' को तथ्याङ्क सार्वजनिक गरिएको छ, जहाँ नेपाली चलचित्र हेर्ने दर्शक बढिरहेको पाइन्छ ।

नेपालभर प्रदर्शन भइ रहेका स्वदेशी चलचित्रहरूको कार्तिक २२ गते शनीवार बेलुका ११:५९ सम्मको आधिकारिक बक्सअफिस@सिनेपा: विवरण ।

BOXOFFICE

| चलचित्र (Movie) | बिक्रि भएका टिकट संख्या (Actual Tickets) | आर्थिक आम्दानी (Actual Gross Revenue) |
|---|---|---|
| जेरी अन टप (Jerry on Top) | ३,७५,०८१ | रु. ११,७१,४१,४९८.८ |
| परान (Paran) | १,२८,६७९ | रु. ३,७१,३६,५५३.५६ |
| बरिष्ठ बलराम (Baristha Balaram) | ८५,३५६ | रु. २,५६,५७,९२९.७७ |
| मैझारो (Majiharo) | ३५,१७६ | रु. १,०४,२९,२८८.८२ |
| सोल्टिनी (Soltinee) | ८,९४५ | रु. २९,०५,९५६.९८ |

गएको शनिबार अर्थात् कात्तिक २२ गतेसम्मको सार्वजनिक तथ्याङ्कअनुसार सगरमाथाको विषयमा निर्माण गरिएको चलचित्र 'जेरी अन टप' ले सबैभन्दा बढी कमाई गरेको छ । उक्त चलचित्रलाई तीन लाख ७५ हजार ८१ दर्शकले हेर्दा ११ करोड ७१ लाख ४१ हजार ४ सय ९८ रुपैयाँ कमाई (ग्रस कलेक्सन) गरेको छ ।

विश्वकै सर्वोच्च शिखर सगरमाथाको विषयमा विदेशमा धेरै चलचित्र बने तापनि नेपालमा कमै बनेका छन् । उक्त चलचित्रमा सगरमाथा आरोहण र त्यस क्रमको प्रेमकथालाई देखाइएको छ । नेपालमा सुन्दर दृश्यलाई कैद गरिएको चलचित्रले पर्यटनमा समेत टेवा पु¥याउने विश्वास निर्माता सरोज न्यौपानेको छ ।

'हामीले सगरमाथाको कथा र सुन्दरतालाई चलचित्रमा प्रस्तुत गरेका छौँ, हाम्रो प्रयासलाई दर्शकले साथ दिनुभएपछि अन्य चलचित्रकर्मीलाई पनि हौसला प्राप्त भएको छ, नयाँ विषय र गुणस्तरीय चलचित्र बन्यो भने दर्शकले रुचाउनु हुन्छ भन्ने पुनः प्रमाणित भएको छ, नेपालको सुन्दरता चलचित्रको माध्यमले प्रचारप्रसार गर्नु हामी चलचित्रकर्मीको पनि दायित्व हो,' निर्माता न्यौपानेले भने ।

उक्त चलचित्रमा अनमोल केसी, भुवन केसी, आँचल शर्मा, जसिता गुरुङ, उषा खड्गी लगायतका कलाकारले अभिनय गरेका छन् । गत असोज ३१ गतेदेखि प्रदर्शनरत उत्क चलचित्रलाई सुयोग गुरुङले निर्देशन गरेका छन ।

यस्तै भाइटीकाका अवसर पारेर गत कात्तिक ६ गतेदेखि प्रदर्शनरत चलचित्र 'वरिष्ठ बलराम' ले सोही अवधि (शनिबार बेलुकी) सम्म दुई करोड ५६ लाख ५७ हजार ९ सय २९ रुपैयाँ कमाएको छ । उक्त चलचित्रलाई ८५ हजार ३ सय ५६ दर्शकले हेरेका छन् । दयाहाङ राई, विजय बराल, सम्वृद्धि अर्याल लगायतका कलाकारले अभिनय गर्नुभएको उक्त चलचित्रलाई सुरेन्द्र पौडेलले निर्देशन गरेका छन ।

यस्तै कात्तिक ६ मै प्रदर्शन भएको चलचित्र 'सोल्टिनी'ले भने अपेक्षाभन्दा निकै कमजोर कमाई गरेको छ । चलचित्रलाई आठ हजार ९ सय ४५ दर्शकले हेर्दा २९ लाख पाँच हजार ९ सय ५६ रुपैयाँ मात्र कमाई गरेको छ ।

प्रकाश सपूत, परीक्षा लिम्बू लगायतका कलाकारले अभिनय गरेका चलचित्रलाई अर्जुन सुवेदीले निर्देशन गरेका छन । निर्देशक सुवेदीले यसअघि निर्देशन गरेका 'रङ्गेली' पनि घरेलु बजारमा असफल भएको थियो ।

'तक्मे बुढा' को उपनामले परिचित अभिनेता विल्सनविक्रम राईले निर्देशन गरेका 'मैझारो' ले पनि घरेलु बजारमा सफलता प्राप्त गर्न सकेन । अभिनेता राईको पहिलो निर्देशकीय चलचित्र नै असफल भयो । अभिनेता धिरज मगर, मिरुना मगर, दयाहाङ राई लगायतका कलाकारले अभिनय गरेका उक्त चलचित्रले एक करोड चार लाख २९ हजार २ सय ८८ रुपैयाँ कमाएको छ । ३५ हजार १ सय ७६ दर्शकले मात्र चलचित्रलाई हेरेका थिए ।

यस्तै कात्तिक १४ गतेदेखि प्रदर्शन भएको चलचित्र 'परान' ले दर्शकको राम्रो साथ पाएको छ । नीर शाह, मदनकृष्ण श्रेष्ठ जस्ता दिग्गज अभिनेताले अभिनय गरेको चलचित्रमा बुबाछोराको कथालाई देखाइएको छ । दीपकप्रसाद आचार्यले निर्देशन गर्नुभएको उक्त चलचित्र दर्शकबाट प्राप्त प्रतिक्रिया कै कारण घरेलु बजारमा राम्रो कमाई गरिरहेको छ ।

चलचित्रले तीन करोड ७१ लाख ३६ हजार ५ सय ५३ रुपैयाँ कमाई गरेको छ । चलचित्रलाई एक लाख २८ हजार ६ सय ७९ जनाले हेरेका छन् । शुरूआती व्यापार कमजोर भए तापनि चलचित्रले सकारात्मक प्रतिक्रिया पाउँदा दर्शकको चाप चलचित्र भवनमा बढेको निर्देशक आचार्यले बताए । 'हाम्रो चलचित्रलाई दर्शकले आफैँले हेर्नुस् भनेर सिफारिस गरेको पाएका छौँ, बुबाछोराको कथालाई धेरै दर्शकले आफ्नो कथा रहेको प्रतिक्रिया दिनुभएको छ, मैले मेरो परिवारको कथालाई चलचित्रमा ढालेर तयार गरेको हुँ, यो कथा अहिले प्रायः घर समाजसँग जोडिन्छ भन्नेमा विश्वस्त थिएँ, अहिले दर्शकको मायाँ दिनप्रतिदिन बढ्दो छ,' निर्देशक आचार्यले भने ।

उक्त चलचित्रमा केकी अधिकारी, महेश त्रिपाठी, पूजा चन्द, अञ्जना बराइली लगायतका कलाकारले अभिनय गरेका छन । यस्तै कात्तिक २१ मा प्रदर्शन भएका दुई चलचित्र 'जारी २: सङ अफ च्याब्रुङ' र 'मन विनाको धन' लाई दर्शकले प्रारम्भिक रुपमा साथ दिएका छन् । यद्यपि, यी दुईको व्यावसायिक रिपोर्ट अझै सार्वजनिक भइसकेको छैन ।

समग्रमा चाडपर्वलाई लक्षित गर्दै प्रदर्शन भएका नेपाली चलचित्रमा दर्शकको उपस्थिति बलियो देखिएको छ । विदेशीको तुलनामा नेपाली चलचित्रप्रतिको आकर्षण बढेको देखिँदैछ । घरेलु बजारमा नेपाली चलचित्रले गरिरहेको कमाईले समग्र चलचित्र क्षेत्रलाई नै सकारात्मक सन्देश प्रवाह गरेको वितरक करण श्रेष्ठले बताए ।

'गएको शनिबारकै रिपोर्ट हेर्ने हो भने चलचित्र भवनमा रहेका सबै नेपाली चलचित्रमा दर्शकको उपस्थिति देखिएको छ, यसले दर्शकले नेपाली चलचित्र हेर्ने चाहेको स्पष्ट सन्देश दिएको छ, हाम्रो चाडपर्वमा अब विदेशी चलचित्र नभई स्वदेशी चलचित्र नै कमाईका हिसाबले अगाडि आउछन्, यो तथ्य स्थापित हुँदैछ, किनकि विगतका केही वर्षमा विदेशी चलचित्रका कारण स्वदेशी चलचित्रले प्रदर्शनमा कठिनाइ भोगेको हामीले सुनेका थियौँ, तर यसपटक नेपाली चलचित्रकै वर्चस्व देखिएको छ,' वितरक श्रेष्ठले भने ।

उनले दर्शकको विश्वास जित्ने चलचित्र आगामी दिनमा पनि तयार गर्न निर्माता तथा निर्देशकलाई आग्रह गरे । अघिल्लो वर्ष 'पूर्णबहादुरको सारङ्गी' ले ऐतिहासिक व्यापार गरेपछि नेपाली चलचित्रमा दर्शकको आकर्षण बढेको पाइन्छ । दसैँ, तिहार, शिवरात्रि, नयाँवर्ष जस्ता बिदाको समयमा नेपाली चलचित्रको व्यापार उच्च हुने गरेको तथ्याङ्क बक्सअफिसमा देखिएको छ ।रासस

# बाइस हजार विद्यार्थीको 'डिजिटल' स्वास्थ्य 'प्रोफाइल' तयार



**काठमाडौँ ।**
'हाम्रो हेल्थ' नामक संस्थाले काठमाडौँ उपत्यकाका ४५ बढी विद्यालयका २२ हजार बढी विद्यार्थीको 'डिजिटल' स्वास्थ्य 'प्रोफाइल' तयार पारेका छन । यसैगरी ५८ हजार बढी स्वास्थ्य अभिलेख विन्दुहरू सुरक्षित रूपमा 'डिजिटलाइज' गरेको छ । विद्यार्थीको स्वास्थ्य अभिलेख कागजमा सीमित हुँदा व्यवस्थापनमा चुनौती देखिएपछि सो संस्थाले प्रविधिमा आधारित विद्यार्थी स्वास्थ्य 'रेकर्डिङ' प्रणाली विकास गरेको हो । यसमार्फत विद्यार्थीहरूको डिजिटल स्वास्थ्य प्रोफाइल तयार पारिँदै आएको र जसमा विद्यालयमा भएका सबै स्वास्थ्यसम्बन्धी क्रियाकलाप व्यवस्थित रूपमा अभिलेख गरिएको जनाइएको छ ।

हाम्रो हेल्थका संस्थापक डा प्रशान्त भट्टराईले सरकारको 'एक विद्यालय, एक नर्स' नीति, मध्याह्न भोजन, खोप, 'डिवर्मिङ', आयरन–भिटामिन वितरण जस्ता कार्यक्रमहरू बढ्दै गएका बेला विद्यार्थीले स्वास्थ्यको व्यवस्थित 'डाटाबेस' नहुनुले सरकारले वास्तविक समयमा तथ्याङ्क पाउन नसक्ने अवस्था रहेको बताए । उनका अनुसार यस संस्थाले विद्यार्थी, अभिभावक, विद्यालय र नगरपालिकालाई तथ्य–आधारित निर्णय लिन सहयोग गर्ने बलियो विद्यार्थी स्वास्थ्य तथ्याङ्क बनाइरहेको छ ।

प्रोफाइलमा सरकारले सञ्चालन गर्ने खोप, आयरन र भिटामिन वितरण, कीरा मार्ने (डिवर्मिङ) कार्यक्रमहरू, विद्यालयमा हुने निजी क्षेत्रका स्वास्थ्य परीक्षणहरूलगायत विद्यालय नर्सहरूले दिने प्राथमिक उपचार तथा तत्कालीन स्वास्थ्य सेवाबारे समेटिने भट्टराईले जानकारी दिए ।

उनका अनुसार विद्यालयमा भएका हरेक स्वास्थ्यसम्बन्धी क्रियाकलाप समेट्ने दीर्घकालीन र व्यवस्थित अभिलेख समेट्नु नै संस्थाको प्रमुख कार्य हो ।रासस

# भोजपुर–काठमाडौँ अब चार उडान



**भोजपुर ।**
पहाडी जिल्ला भोजपुरमा नेपाल वायुसेवा निगमले उडान थप गरेको छ । विगतमा हप्तामा दुई उडान मात्र भोजपुर–काठमाडौँ हुँदै आएकामा अब चार उडान हुनेछन् ।

प्राविधिक कारणले केही समयका लागि कटौती गरिएको राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको काठमाडौँ–भोजपुर–काठमाडौँ उडान तालिका थप भएको निगमका भोजपुर स्टेसन प्रमुख प्रकाश खड्काले जानकारी दिए । उनका अनुसार यही कात्तिक २६ गतेदेखि लागू हुनेगरी अब मङ्गलवार, बुधबार, बिहीबार र शनिबार नियमित उडान सञ्चालन गरिनेछ । यसभन्दा अगाडि बिहीबार र शनिबार मात्र उडान हुँदै आइरहेको थियो ।

मर्मतमा रहेको अर्को जहाज पनि सञ्चालनमा आएसँगै भोजपुरमा पनि उडान थप गरिएको छ । निगमले यात्रुहरूलाई आफ्नो यात्रा सुनिश्चित गर्नका लागि आधिकारिक 'वेबसाइट'मार्फत 'अनलाइन टिकट' खरिद गर्न सकिने व्यवस्थासमेत गर्दै आइरहेको छ ।

यहाँ यातायातका साधन सञ्चालनमा आएसँगै भोजपुर–विराटनगरको उडान भने बन्द भएको छ । विसं २०३५ मा घाँसेमैदानबाट शुरू भएको उडान अहिले विमानस्थल कालोपत्र भए पनि निगमको जहाजले मात्र उडान गर्दै आइरहेको छ । उडान कम हुँदा भोजपुरबाट काठमाडौँ जाने र आउने यात्रु मारमा पर्दै आइरहेका छन् ।रासस

# चितवनमा गैँडा गणना हुँदै



**चितवन ।**
बजेटको अभावमा गत वर्ष रोकिएको दुर्लभ एकसिङ्गे गैँडा गणना यस वर्ष आनुवंशिक (जेनेटिक) विधिबाट गर्ने तयारी गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले चार–चार वर्षमा गर्दै आएको गैँडा गणना गत वर्ष रोकिएको थियो ।

यस वर्ष बाघ गणनासमेत गर्ने तयारी छ । बाघ गणनापछि गैँडा गणनाको तयारी गरेको विभागले विगतको भन्दा फरक विधि प्रयोग गरेर गणना गर्ने तयारी गरेको हो । विभागको वन्यजन्तुको सर्वेक्षणसँग सम्बन्धित प्राविधिक समितिको बैठकले आनुवंशिक विधिबाट गैँडा गणना गर्न आवश्यक 'प्रोटोकल' बनाउने निर्णय गरिएको छ ।

समितिका संयोजक एवं विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले केही दिनमा नै प्रोटोकल तयार गरी बैठक बसेर छलफल गरिने बताए । यो विधिबाट गैँडा गणना गर्दा वैज्ञानिक र दीर्घकालीन दृष्टिले उत्तम हुने उहाँको भनाइ छ । नेपालमा यो विधिबाट हिउँ चितुवाको मात्रै गणना गरिँदै आएको छ ।

भारतमा केही महिनाअघि हात्तीको यही विधिबाट गणना गरिएको जनाउँदै उहाँले विगतमा गणना गर्दै आएको विधिभन्दा कम खर्चिलो र सुरक्षित हुने बताउनुभयो । विगतमा ब्लक छुट्याएर प्रत्यक्ष गणना विधि प्रयोग गरिँदै आएको थियो । यो विधिबाट गणना गर्दा निकै खर्चिलो हुने र जोखिमपूर्ण हुने गरेको छ ।

आचार्यका अनुसार सन् २०२१ मा गैँडा गणना गर्दा तीन करोड रुपैयाँ हाराहारी खर्च भएको थियो ।

सो क्रममा एक जना प्राविधिक हात्तीबाट लडेर गम्भीर घाइते भएका थिए । यसरी गणना गर्दा तीन साता समय लाग्ने गर्दछ । त्यसमा ठूलो संख्यामा हात्ती लगायतका सवारीसाधनसहित प्राविधिक जनशक्ति परिचालन गर्नुपर्ने हुन्छ ।

आचार्यले अहिलेसम्म प्रयोग गरिएको प्रत्यक्ष र 'फोटो आइडी' विधिबाट भन्दा आनुवंशिक विधिबाट गणना गर्दा वैज्ञानिक आधारमा सबैले मान्ने विधि भएकाले यसतर्फ विभागको ध्यान गएको बताए । अन्तिम टुङ्गो लगाउन बाँकी रहेको भन्दै उनले आनुवंशिक विधिबाट गणना गर्दा जनशक्ति परिचालन गरी गैँडाको गोबर (मल) सङ्कलन गरेर प्रयोगशालामा डिएनए परीक्षणबाट संख्या र लिङ्ग पहिचान गर्ने बताए ।

आउँदो पुसमा बाघ गणना गर्ने तयारी गरिएको छ । बाघ रहेका पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना गर्न लागिएको हो । बाघ गणनापछि गैँडा गणना गर्ने योजना रहेको छ । गत आर्थिक वर्षमा अन्तिम अवस्थामा दाताले सहयोग गर्न नसक्ने जनाएपछि रोकिएको गैँडा गणना यस वर्ष गर्न लागिएको हो । यस वर्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कार्यक्रममा केही बजेट विनियोजन गरेर गणना गर्न लागेको छ ।

बाघ भने हरेक चार–चार वर्षमा गणना गरिँदै आएको छ । सोहीअनुसार यस आर्थिक वर्षमा बाघ गणना गरिने छ । आचार्यका अनुसार पुस, माघ र फागुन गरी तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो । एकसिङ्गे गैँडा गणना चैतमा गर्ने गरी कार्यक्रम अघि बढाइएको छ । गैँडा चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु राष्ट्रिय निकुञ्जमा गणना गरिनेछ । यसअघि सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा ३ सय ३५ बाघ रहेको तथ्याङ्क सार्वजनिक भएको थियो । सो गणनामा चितवनमा १ सय २८, बर्दिया निकुञ्जमा १ सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ बाघ रहेको तथ्याङ्क छ ।

सन् २०२१ मा गरिएको गैँडा गणनामा देशभरका राष्ट्रिय निकुञ्ज तथा संरक्षण क्षेत्रमा ७ सय ५२ गैँडा फेला परेका थिए । सन् १९६० को दशकमा गैँडाको संख्या घटेर करिब १०० को हाराहारीमा झरेको थियो । नेपालमा सन् १९५० को दशकमा ८०० गैँडा रहेको अनुमान छ । सन् २०२१ को गणनामा चितवन राष्ट्रिय निकुञ्जमा मात्रै ६ सय ९४, बर्दिया राष्ट्रिय निकुञ्जमा २९ गैँडाबाट बढेर ३८ र शुक्लाफाँटमा १८ पुगेको थियो ।रासस

# बाँकेमा चार महिनामा ७० सर्पको उद्धार

**नेपालगञ्ज ।**
बाँकेमा आर्थिक वर्ष २०८२–८३ को चार महिनाको अवधिमा ७० सर्पको उद्धार गरिएको छ । उद्धार गरिएका सर्पमध्ये अधिकांश विषालु सर्प भएको डिभिजन वन कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख शङ्कर गुप्ताले वन क्षेत्र आसपासभन्दा बढी शहर बजारमा सर्प देखिन थालेको जानकारी दिँदै १५ जनाको प्राविधिक टोलीले रातिमा पनि सर्पको उद्धार गरेको बताए । जिल्लाको खासगरी नेपालगञ्ज र कोहलपुरमा सबैभन्दा बढी सर्पको उद्धार भएको उल्लेख गर्दै उद्धारका लागि जनशक्ति व्यवस्थापन र तालिमको अभाव भएको धारणा व्यक्त गरे । साउनदेखि कात्तिकसम्म विभिन्न प्रजातिका सर्पसहित विभिन्न ७६ वन्यजन्तुको उद्धार गरिएको कार्यालयका योजना अधिकृत सुशील सुवेदीले जानकारी दिए । उनका अनुसार कमन कोब्रा, करेत, रसल भाइपर, धामन, अजिङ्गर लगायतका सर्पको उद्धार गरेर शम्शेरगञ्ज माथेबास चक्ला वन पु¥याइएको छ ।

धान काटेपछि जाडो महिनामा बस्तीमा जाने सम्भावना बढी हुने उल्लेख गर्दै सुवेदीले विषालु सर्पको जिल्लामा रहेको प्राविधिक समूहले उद्धार गर्ने बताए । 'रातिमा प्रायः हामीलाई फोन आउँछ, स्रोतसाधनको पनि अभाव छ, तर पनि जसोतसो काम गरिरहेका छौँ,' उनले भने ।

गत आर्थिक वर्ष २०८१–८२ मा डिभिजन वन कार्यालयले विभिन्न प्रजातिका १२२ सर्पको उद्धार गरेको थियो । बाँके राष्ट्रिय निकुञ्ज तथा त्यसको मध्यवर्ती क्षेत्रबाहेक जिल्लाका सम्पुर्ण भू–भाग डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र पर्दछ ।रासस

# नेशनल मेडिकल कलेज र विश्रामपुर गाउँपालिकाबीच सम्झौता

**मधेशदृष्टि**
**वीरगंज ।**
नेशनल मेडिकल कलेज र विश्रामपुर गाउँपालिकाबीच मंगलबार महत्वपूर्ण स्वास्थ्य सेवासम्बन्धी आपसी सम्झौता भएको छ । वीरगंज–१५, पर्सास्थित कलेजको कार्यालयमा आयोजित कार्यक्रममा दुवै पक्षका प्रतिनिधिको उपस्थितिमा सम्झौतापत्रमा हस्ताक्षर भएको हो ।



सम्झौताअनुसार, विश्रामपुर गाउँपालिका अध्यक्ष जुल्फकार अलि भुटो, प्रमुख प्रशासकीय अधिकृत सुनिल प्रसाद केशरी तथा स्वास्थ्य शाखा प्रमुख अलि अकबर हुसेनको रोहबरमा सम्झौता भएको हो । विश्रामपुर गाउँपालिकाका पाँच वटै वडाका बासिन्दालाई कलेज तथा शिक्षण अस्पतालबाट विशेष छुट र सुविधासहितको स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।
सम्झौतापत्रमा नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल तर्फबाट प्रबन्ध निर्देशक शाहनबाज अन्सारीले हस्ताक्षर गरेका छन् । कलेजका तर्फबाट इञ्जिनियर प्रदीप चौधरी, प्रशासन अधिकृत विश्वनाथ कान्त, प्रशासन अधिकृत पप्पु सिंह र नेशनल मेडिकल कलेजका प्रेस सल्लाहकार आशिक अन्सारीको उपस्थिति थियो ।
त्यसैगरी, विश्रामपुर गाउँपालिका अध्यक्ष भुटोले सम्झौतापत्रमा हस्ताक्षर गरे । साथै, विश्रामपुर गाउँ पालिका वडा नम्बर २ का वडाअध्यक्ष मनोज यादव, कार्यपालिका सदस्य राजिन्द्र पाल, विद्यालय व्यवस्थापन समिति अध्यक्ष कृष्णप्रसाद साह, न्यायिक समिति सदस्य मञ्जुर आलम, गाउँ प्रहरी मुकतार आलम, सञ्चारकर्मी जोतिलाल पण्डितको समेत उपस्थिति थियो ।
सम्झौताले अस्पताल र पालिकाबीचको सहकार्यलाई नयाँ उचाइमा पु¥याउने विश्वास लिइएको छ ।

# मुख्यमन्त्री र मन्त्रीहरुलाई बहिस्कार अभियान बुधबार पनि बिहानैबाट आन्दोलन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा नेकपा एमालेको मुख्यमन्त्री नियुक्तिपछि आन्दोलनरत सात दलले बुधबार पनि आन्दोलन जारी रहने जनाएको छ । मंगलबार राति जारी विज्ञप्तिमा उनीहरुले मधेश प्रदेशमा नियुक्त मुख्यमन्त्री र मन्त्रीलाई बहिस्कार गर्न र कुनै पनि कार्यक्रममा सहभागी नगराउन पनि अपिल गरेका छन् ।
यो आह्वानपछि सोमबारदेखि असामान्य बनेको मधेश प्रदेशको राजधानी जकनपुरधाम अझै सामान्य नबन्ने संकेत गरेको छ । तत्कालीन मधेश प्रदेश प्रमुख सुमित्रा सुदेवी भण्डारीले असंवैधानिक तरिकाबाट मधेशमा सरोज कुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेपछि आन्दोलित ७ दलले बुधबार बिहान ८:३० बजेदेखि 'विरोध तथा शान्तिपूर्ण आन्दोलन' हुने भएकाले सहभागिताका लागि अनुरोध गरेको छ ।
मंगलबार पनि सात दलले मुख्यमन्त्री नियुक्ति खारेजी र संविधान, संघीयता र संघीय लोकतान्त्रिक गणतन्त्र रक्षाका लागि आन्दोलन गरेको थियो । आन्दोलनक्रममा सुरक्षाकर्मीद्वारा आन्दोलनकारीहरुमाथि गरिएको लाठी चार्ज, अश्रुग्यास प्रहार तथा क्रुरतापूर्ण दमनको सात दलले भ्रत्सना गरेको छ । उनीहरुले मंगलबारको कुटपिट घटनामा संलग्न सुरक्षाकर्मीलाई कारबाही माग गरेको छ । आन्दोलनक्रममा घाइते भएका आन्दोलनकारीको स्वास्थ्य लाभको कामना गरिएको छ ।
सात दलले महोत्तरी र सिन्धुली सिमानानजिकको पानस रेस्टुरेन्टमा शपथ ग्रहण गरेका मुख्यमन्त्री नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोज कुमार यादवसहित मन्त्रिपरिषदका अन्य सदस्यलाई सार्वजनिक रुपमा बहिस्कार र विरोध गर्न अपिल गरेका छन् ।

# बेमौसमी वर्षाले १० हजार हेक्टरको धानबालीमा क्षति

**सिरहा ।**
मोन्था चक्रवातको प्रभावले भएको बेमौसमी वर्षाका कारण जिल्लामा करिब १० हजार हेक्टरभन्दा बढी धानबालीमा क्षति पुगेको छ । जिल्लाका आठ नगरपालिका र नौ गाउँपालिका गरी १७ स्थानीय तहका कृषि शाखाले सङ्कलन गरेको प्रारम्भिक विवरणअनुसार करिब १० हजार ७ सय २८ हेक्टर क्षेत्रमा रहेका धानबालीमा क्षति पुगेको हो ।
कृषि शाखाबाट प्राप्त विवरणअनुसार लहान नगरपालिकामा सबैभन्दा बढी दुई हजार २ सय ३२ हेक्टर, औरही नगरपालिकामा एक हजार ३ सय ५८ हेक्टर र नरहा गाउँपालिकामा करिब ८ सय हेक्टर क्षेत्रमा धानबालीमा क्षति पुगेको छ ।
लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साहका अनुसार किसानले लगाएका बासमती र सुक्खा प्रजातिका धानमध्ये करिब ५० प्रतिशत बालीमा क्षति पुगेको छ । उहाँका अनुसार किसानले राम्रो मूल्य पाउने आशामा उन्नत जातका धान लगाएका थिए ।
पूर्व–पश्चिम लोकमार्गबाट दक्षिणतर्फका अधिकांश क्षेत्र बोरिङ, भूमिगत सिँचाइ र कमला नहर प्रणालीबाट सिञ्चित क्षेत्र भएकाले त्यहाँ लगाइएका उन्नत जातका धानमा बढी क्षति पुगेको जिल्लास्थित कृषि ज्ञान केन्द्रले जनाएको छ । 'पाक्न लागेको धानमा वर्षाले क्षति पु¥याएपछि स्वतः उत्पादन घट्ने निश्चित छ,' केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भने, 'धानका बोट ढलेका कारण दाना कुहिने र उत्पादन घट्ने अवस्था देखिएको छ ।'
केन्द्रका अनुसार जिल्लामा ५४ हजार हेक्टरमा वर्षे र एक हजार ३ सय ४५ हेक्टरमा चैते धानखेती हुँदै आएको छ । अघिल्लो वर्ष ५५ हजार ३ सय ४५ हेक्टर क्षेत्रमा दुई लाख २८ हजार ६ सय ९६ मेट्रिकटन धान उत्पादन भए पनि यो वर्ष उत्पादनमा उल्लेख्य कमी आउने अनुमान गरिएको छ ।

# खयरमारामा व्यवसायिक अम्बा र कागतीखेती

**महोत्तरी ।**
बर्दिबास–११ खयरमाराका किसान निलहरि गौतमले एक बिघा क्षेत्रफलमा एक हजार बढी उन्नत जातका अम्बा तथा पाँचसय कागतीका विरुवा लगाएका छन् । कामका लागि मुलुकका विभिन्न क्षेत्र पुगे पनि अहिले पैतृक ठाउँमै बिताउने इच्छाले अम्बा र कागती विरुवा लगाइएको उहाँको भनाइ छ । यहाँको माटोमा अम्बा र कागती दुवै फल लागे पनि यति धेरै मात्रामा भने खेती गरिएको देखिँदैन ।
किसान गौतमले गत वर्षको मङ्सिरदेखि अम्बाका विरुवा रोप्न थालेका हुन् । अहिले थाइग्रिन र ताइवानपिङ्क जातका अम्बाका बिरुवा रोपिएका उनको भनाइ छ । 'गत मङ्सिरमा रोपिएका थाइग्रिन अम्बा यसपालि फलेका छन्, ताइवानपिङ्कचाहिँ यसपालि गत भदौमा रोपिएको हो ।'
मधेशमा यति धेरै परिमाणमा अम्बा लगाउने आफू पहिलो किसान हुनसक्ने उनी बताउँछन् । अम्बा अझै पाँच सय बोट थप्ने उनको योजना छ । अम्बा एक बिघामा एक हजार बोट अटे पनि कागती भने पाँच सय बोटमात्र लगाउनुपर्ने बागवानी प्राविधिकको सल्लाहअनुसार यस्तो गरिएको उनले जानकारी दिए । कागती कुमकार्ड भनिने पाकिस्तानी जातको रोपिएको किसान गौतमले बताए ।
यसका लागि करिब १० लाख रुपैयाँ खर्च भएको उनको भनाइ छ । 'बिरुवा कोलकाताबाट मगाइएका हुन्, बारीमा आइपुग्दा प्रतिबोट एक सय ५० रुपैयाँ पर्यो, खाल्डो खन्न र माटोको उपचार एवम् मलसमेत प्रत्येक बोटमा पाँच सय रुपैयाँ लागेको छ,' उनले भने, 'यसबाहेक सुरुको जोतखन खर्च अलग लागेको छ ।'
यी बोटले तीन वर्षका भएपछि सघन उत्पादन दिन थाल्नेछन् । अम्बाले बर्सेनि प्रतिबोट ४० किलोग्राम र कागती २० किलोग्राम उत्पादन हुने बागवानीविज्ञले बताएका उनले जानकारी दिए । अम्बा र कागतीले ३० वर्षसम्म उत्पादन दिने वागवानीविज्ञले सुझाएका उनको भनाइ छ । किसान गौतमले लगाएका तीजतका विरुवाले यहाँको माटो र हावापानीमा राम्ररी फस्टाउने कृषिविज्ञ बर्दिबास–५ का वाणिकराज काफ्ले बताउँछन् । 'माटो र हावापानी अम्बा र कागतीका लागि यहाँ अनुकूल नै छ, अन्य उपचार र रेखदेख भने नियमित गर्नुपर्छ,' उनले भने । बगैँचाको हेरचाह र उत्पादनको बिक्री व्यवस्थापन घरै बसेर गर्न सकिने विश्वासमा यो काममा हात हालिएको उनको भनाइ छ । मधेशमा बागवानीखेतीमा आँप, लिची बाक्लै लगाइने भए पनि व्यावसायिक रूपमै यति धेरै परिमाणमा अम्बा र कागती लगाइएको भने पाइँदैन । उनको कामप्रतिको लगाव र समर्पण नजिकबाट बुझेका उनका काका ७५ वर्षीय चन्द्रलाल गौतम भन्छन्, 'निलहरि प्रत्येक काम गहिरिएर योजनाबद्ध गर्ने बानीका छन्, यिनले हात हालेको काम बिस्तुर गएको देखिन्न ।' अहिले खयरमारामा निलहरिको यो बगैँचा हेर्न वरिपरिका मान्छे बाक्लै पुग्ने गरेका छन् ।

# चार लेनमा ढिलाइ



**मधेशदृष्टि**
**सिरहा ।**
कमला–कञ्चनपुर चार लेन राजमार्ग विस्तार कार्यमा ढिलाइ भएको छ ।
तीन वर्षमै सम्पन्न हुनुपर्ने आयोजना पाँच वर्ष बितिसक्दा पनि अधुरो छ । निर्माणमा ढिलाइ हुँदा सर्वसाधारणदेखि व्यापारीसम्मले ठूलो समस्या भोगिरहेका छन् ।

# आधिकारिकताबिनाका सामान खरिद नगर्न आग्रह

**वीरगंज ।**
पर्सामा विभिन्न व्यापारिक प्रतिष्ठानको बिलबिजक नक्कली बनाएर कारोबार गर्ने प्रवृत्ति देखिएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी हरिबहादुर बस्नेतले केही दिनयता सामाजिक सञ्जालमार्फत विभिन्न प्रतिष्ठित व्यापारिक प्रतिष्ठानहरूको बिलबिजक नक्कली बनाइ त्यस्ता बिलबिजकमार्फत विभिन्न व्यापारिक समूहबाट सामान खरिद गरेर ठगी गर्ने प्रवृत्ति बढेकाले सचेत रहन अनुरोध गरे ।
'नक्कली बिलबिजक बनाएर यहाँ सिमेन्ट, छड, मदिरा, मोटर पार्टर्स आदि) खरिद गरी ठगी गर्ने गरिएको घटना आइरहेको हुँदा व्यापारिक कारोबार गर्दा एकिन भएपश्चात मात्र गर्नुहुन अनुरोध गरिन्छ,' उनले भने, 'आधिकारिकताबिनाका कुनै सामान खरिद नगर्नुहुन अनुरोध गरिन्छ, अन्यथा प्रचलित कानूनबमोजिम कारबाही हुने व्यहोरासमेत अनुरोध गरिन्छ ।' वीरगंज उद्योग वाणिज्य सङ्घले केही दिनदेखि यहाँ नक्कली बिलबिजक बनाएर सिमेन्ट, छड, मदिरा, मोटर पार्टर्स आदि खरिद गरी ठगी गर्ने गरिएको घटना आइरहेको हुँदा व्यापारिक कारोबार गर्दा सामान खरिद गर्ने प्रतिष्ठानका आधिकारिक व्यक्तिसँग एकिन गरी मात्र कारोबार गर्नुहुन अनुरोध गरेको छ ।
सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले प्रतिष्ठित औद्योगिक घराना, उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरूका नाममा सामान खरिद गर्न आउने खरिदकर्ताको आधिकारिकता नबुझी त्यस्तासँग व्यावसायिक कारोबार, लेनदेन नगर्न हुनसमेत अनुरोध गरेका छन् ।




**नेपाल–भारत संस्कृति संवादः** जनकपुरधाममा मङ्गलबार आयोजित नेपाल–भारत संस्कृति संवाद कार्यक्रममा सहभागी । तस्बिरः निरञ्जनकुमार साह/रासस

# पूर्वमुख्यमन्त्रीद्वारा पक्की सडक निरीक्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
पूर्व मुख्यमन्त्री तथा प्रदेशसभा सदस्य लालबाबु राउत र वडा नं. १५ का वडा अध्यक्ष रामेश प्रसाद यादवले मंगलबार वीरगंज–१५ भेडियाहीमा निर्माण हुँदै गरेको पक्की सडक स्थलगत निरीक्षण गरेका छन् । नेशनल मेडिकल कलेजदेखि भेडियाही गाउँसम्म करिब ५ किलोमिटर लामो सडक निर्माण कार्य करिब १४ करोड ७६ लाख ९६ हजार ३ सय ३ रुपैयाँ लागतमा निर्माण भइरहेको छ । सडकको बजेट पूर्वमुख्यमन्त्री राउतले रेडबुकमा राखेका हुन् ।
यसअघि सडकको ठेक्का पप्पु कन्स्ट्रक्सनलाई दिइए पनि विवादका कारण काम रोकिएको थियो । हाल ठेक्का अर्कै कम्पनीले पाएको छ र निर्माण कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ । निरीक्षणपछि पूर्वमुख्यमन्त्री राउतले भने, 'यो सडकले अब निकास पाइसकेको छ । यसपटक मैले आफैँ आएर अनुगमन गरेको छु, काम छिट्टै सम्पन्न हुनेछ ।' भेडियाही गाउँलाई मेडिकल कलेजसँग जोड्ने यो सडकले स्थानीयवासीको दशकौँदेखिको समस्या समाधान गर्ने अपेक्षा गरिएको छ । स्थानीय सन्तोष सर्राफका अनुसार, पहिले मेडिकल कलेज पुग्न घुमाउरो बाटो हुँदै जानुपर्ने बाध्यता थियो, अब यो नयाँ बाटो बनेपछि यात्रा सजिलो भएको छ । वडा अध्यक्ष यादवले भने, 'अब वडा नं. १५ मा खेतमा जान पनि जुत्ता लगाएर जान सकिने अवस्था बनेको छ, किनभने अधिकांश सडकहरू कालोपत्रे र ढलान भइसकेका छन् ।' तीव्र गतिमा भइरहेको सडक निर्माणले भेडियाही गाउँ मात्र होइन, वरपरका बस्तीहरूलाई समेत आवागमन र विकासमा नयाँ सम्भावना दिलाउने विश्वास गरिएको छ ।

सम्पादकीय

# अशान्त मधेशः आगजनी, आक्रोश र आन्दोलन

सोमबार मधेश प्रदेश प्रमुख सुमित्रा भण्डारीले ठूलो दलको हैसियतमा मधेश प्रदेश सरकारमा नेकपा एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरेपछि अशान्त बनेको मधेश मंगलबार पनि आन्दोलनको रापतापमा अभ्यस्त भयो । मंगलबार त प्रहरीले लाठी चार्ज गर्दा प्रदेश सांसदहरु र पत्रकार पनि घाइते भएका छन् । उनीहरुको अस्पतालमा उपचार जारी छ।

यता, मंगलबार मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पत्रकार सम्मेलन गरे । पदभार ग्रहण गरे । मधेशका शहीदहरुबारे पहिलो निर्णय गरे । यद्यपि मंगलबार आन्दोलन चर्किरह्यो । अदालतमा रिट दायर। अदालतबाट पनि कुनै दूरगामी असर गर्ने निर्णय नगर्न प्रदेश सरकारलाई आदेश । अदालत जानेहरुको लाइन । आन्दोलन गर्नेहरुको भिड अनि पदभार र सत्तारोहणको खुशियालीको तस्बिरहरुले मधेशमा बढ्दै गरेको चिसो र जाडोमा आहत सर्वसाधारणलाई रत्तिभर तानेको थिएन।

यता, यही हो मौका, मधेश स्वायत्त घोषणा गरौँ भनेर केही मौका कुरिरहेकाहरुलाई यो मौकामा देश त फुट्छ भने मधेश किन तयार नहुने भन्दै उचाल्ने काम भइरहेको छ । यो अशान्ति, आक्रोश, आन्दोलन र आगोमय मधेशलाई शान्त बनाउने कोही समन्वयकर्ता खाँचो देखिन्छ।

# रैथाने बाली संरक्षणमा प्रदेश सरकार


महादेव अवस्थी–रासस

कर्णाली प्रदेशमा उत्पादन हुने नौवटा रैथाने प्रजातिका बालीहरू चिनो, कागुनो, उवा, लट्टे (मार्से), फापर, जुम्ली मार्सी, कोदो, जौ र स्थानीय सिमीलाई प्रदेश सरकारले रैथाने बालीका रूपमा सूचीकृत गरेको छ। प्रदेश सरकारले खाद्य व्यवस्था तथा व्यापार कम्पनीसँग मिलेर अग्र्यानिक उत्पादनलाई व्यवस्थित गरेर बिक्री गर्न मिल स्थापनाको काम जारी राखेको छ।

प्रदेश सरकारले रैथाने बाली जोगाउन उत्पादन, बजारीकरण र प्रवद्र्धनका लागि 'मूल्यवान् कर्णाली किसानका सम्पदा' लेखिएको 'मूल्यवान्' लोगो कार्यक्रम लागू गरेको छ । प्रदेश प्राङ्गारिक कृषि ऐन, २०७६ मा परम्परागत रूपमा खेती गरिँदै आएका रैथाने बालीको उत्पादनका लागि छुट्टै लोगोको व्यवस्था गर्नुपर्ने उल्लेख छ।

प्रदेशको पहिचान झल्किने गरी निजी तथा सहकारी क्षेत्रको सहभागितामा स्वीकृत 'मूल्यवान्' लोगोलाई अलग पहिचानसहित मूल्य अभिवद्धि गरी राष्ट्रिय÷अन्तरराष्ट्रिय बजारमा परिचित गराउने उद्देश्यले कर्णाली सरकारले ऐनबमोजिम 'लोगो' प्रयोगसम्बन्धी अनुमति एवं मापदण्ड निर्धारण गरेको छ। मूल्यवान् लोगो टाँस गरी 'प्याकिङ' गर्दा प्याकेटमा तौल, उत्पादन मिति, उपयोग गर्न सकिने अधिकतम् समय, किसिम, ग्रेड र उत्पत्ति स्थल स्पष्ट खुलेको हुनुपर्छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग स्वामित्व रहेको लोगो प्रयोग गर्न इजाजत लिनुपर्ने, रैथाने बालीको विवरण प्रत्येक वर्ष मन्त्रालयमा उपलब्ध गराउनुपर्ने लगायतका सर्त राखिएको छ । प्रदेश सरकारको २०७४ फागुन ६ गते बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले अग्र्यानिक कृषिका आधार तय गर्दै रैथाने बालीको संरक्षण गर्ने निर्णय गरेको थियो।

रैथाने बीउ लोपोन्मुख अवस्थामा पुगेपछि जिल्लास्थित कृषि विकास कार्यालयहरूले बीउ बैङ्क स्थापना गरेका छन् । प्रदेश सरकारले 'मूल्यवान्' लोगो अङ्कित 'प्याकेजिङ'को व्यवस्था गरेपछि यस्ता उत्पादनले झन् राम्रो मूल्य पाएका छन् । प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बाली विकास महाशाखाका अनुसार डोल्पामा तीन, मुगुमा चार, हुम्लामा छ, जुम्लामा २४, दैलेखमा एक, सुर्खेतमा १४, रुकुम पश्चिममा आठ, जाजरकोटमा दुई, सल्यानमा तीन बिक्री केन्द्र एवं कोसेली घर छन् । सुर्खेतको भेरीगङ्गा नगरपालिका–५ मा अग्र्यानिक माउन्टेन फ्लेवर–दि अग्र्यानिक भ्यालीमा 'मूल्यवान्' लोगो अङ्कित उत्पादन बिक्रीमा राखिएको छ।

रैथाने बालीका खाद्य वस्तुले बजारमा राम्रो मूल्य पाएको व्यवसायी बताउँछन् । कर्णालीको रैथाने सिमी उत्पादन भएकामा झण्डै ६० प्रतिशत कर्णाली बाहिर खपत भएको मन्त्रालयसँग तथ्याङ्क छ । प्रदेश सरकारले कम्पनीसँग मिलेर आफ्नै मिल स्थापनासमेत जारी राखेको छ । अघिल्लो आर्थिक वर्षमा मिल निर्माण गर्न डिपिआर भएर चालु आवमा ठेक्का हुने तयारी भएको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले बताए।

**कर्णालीमा जग्गा बाँझो राख्नेलाई जरिवाना**

कर्णाली प्रदेशमा खेतीयोग्य जमिन बाँझो राख्नेलाई जरिवाना लाग्ने भएको छ । प्रदेश सरकारले आर्थिक ऐन, २०८२ मा त्यस्तो व्यवस्था गरेको हो । ऐनअनुसार १० रोपनीसम्म जमिन बाँझो राख्नेलाई ५ सय रुपैयाँ, दशदेखि २० रोपनी बाँझो राखेमा एक हजार रुपैयाँ, २० रोपनीभन्दा बढी बाँझो राखेमा एक हजार ५ सय रुपैयाँ जरिवाना लाग्नेछ । यो ऐन प्रदेश राजपत्रमा प्रकाशित भएको छ।

बाँझो जमिनमा खेती गर्नेलाई अनुदान र सहुलियतको व्यवस्था पनि गरिएको छ । प्रदेश सरकारले कर्जा सुविधा पनि उपलब्ध गराएको छ । पाँच हेक्टरभन्दा बढी जमिनमा खेती गर्नेको ऋणको सम्पूर्ण ब्याज प्रदेश सरकारले तिर्ने प्रबन्ध मिलाइएको छ । पाँच हेक्टरभन्दा कम क्षेत्रफलमा खेती गर्नेलाई पनि सातदेखि १० प्रतिशतसम्म ब्याज अनुदान दिइने व्यवस्था ऐनमा गरिएको छ।

**कर्णालीका चार जिल्ला खाद्यान्न आत्मनिर्भर**

कर्णालीका चार जिल्ला खाद्यान्न आत्मनिर्भर बनेका छन् । जिल्लामा उत्पादन हुने अन्नले खाना पुग्ने अवस्थामा सुर्खेत, सल्यान, दैलेख, जाजरकोट, जुम्ला र रुकुम पश्चिम मात्र रहेको कर्णाली प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले जनाएको छ। कर्णालीलाई पूर्ण रूपमा खाद्यान्नमा आत्मनिर्भर हुन तीन लाख ४६ हजार ८ सय ८४ मेट्रिकटन खाद्यान्न आवश्यक पर्नेछ । आर्थिक वर्ष २०८१–८२ को विवरणअनुसार कालीकोट, मुगु, डोल्पा र हुम्लामा मात्र खाद्यान्न अभाव देखिएको छ । यी जिल्लालाई आफ्नै उत्पादनले वर्षभर धान्नसक्ने अवस्था नरहेको मन्त्रालयले तथ्याङ्कमा उल्लेख रहेको छ । वर्षमा ९४ हजार ९ सय ८७ मेट्रिकटन खाद्यान्न उत्पादन हुने सुर्खेत जिल्ला खाद्यान्नमा आत्मनिर्भर छ । सुर्खेतमा सात हजार ४ सय १ मेट्रिकटन मौज्दात रहने तथ्याङ्क रहेको छ।

त्यसैगरी सल्यानमा वार्षिक ४७ हजार ७ सय १२ मेट्रिकटन खाद्यान्न आवश्यक पर्ने भए पनि ७० हजार ५ सय ११ मेट्रिकटन उत्पादन हुने गरेको छ । दैलेखमा पनि वार्षिक ६० हजार २५ मेट्रिकटन उत्पादन हुन्छ । दैलेखलाई ५० हजार १ सय ८४ मेट्रिकटन खाद्यान्न आवश्यक पर्छ।

कर्णालीमा वार्षिक २२ हजार ६ सय ७२ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको पाइएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कर्णाली प्रदेशको जनसंख्या १६ लाख ८८ हजार ४ सय १२ छ । हाल मन्त्रालयले १७ लाख २५ हजार ६ सय ४२ जनसंख्या पुगेको अनुमान गरेको छ। यो संख्यालाई आधार मान्दा कर्णालीमा वार्षिक एक जनालाई २ सय १ किलो खाद्यान्न आवश्यक पर्छ । कर्णालीमा अहिले वार्षिक तीन लाख ७६ हजार २ सय १९ मेट्रिकटन खाद्यान्न उत्पादन हुने गरेको छ । डोल्पामा अहिले पनि वार्षिक तीन हजार ६ सय १९ मेट्रिकटन खाद्यान्न अपुग छ । आठ हजार ९ सय ७२ मेट्रिकटन खाद्यान्न आवश्यक डोल्पामा रहेको छ । हुम्लामा ६ हजार ४ सय ३७, मुगुमा पाँच हजार ६ सय ४५ अपुग रहेको छ । जुम्ला हाल खाद्यान्नमा आत्मनिर्भर भएको मन्त्रालयका खाद्य सुरक्षा प्रवद्र्धन शाखाका बागवानी विकास अधिकृत विशाल खत्रीले जानकारी दिए।

सबैभन्दा धेरै कालीकोटमा वार्षिक रूपमा छ हजार ९ सय ७२ मेट्रिकटन खाद्यान्न अपुग हुँदा रुकुम पश्चिममा आत्मनिर्भर रहेको छ । खाद्यान्न अपुग भएको जिल्लामा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न सहुलियत दरमा खाद्यान्न वितरण गर्दै आएको छ । कम्पनीले बिक्री केन्द्र र डिपोमार्फत खाद्यान्न बिक्री गर्दै आएको हो । खाद्य अभाव टार्नका लागि खाद्य व्यवस्था व्यापार कम्पनीले खाद्य सङ्कट भएको ठाउँमा अनुदानको चामल बिक्री गर्दै आएको छ । चालु आवमा पनि सोही अनुसार काम भएको प्रादेशिक प्रमुख केशवराज बुढाले जानकारी दिए । अघिल्लो आवमा समेत दुर्गम तथा समस्या परेको ठाउँमा कम्पनीले खाद्यान्न ढुवानी तथा बिक्री गरेको उनले बताए।

कर्णाली प्रदेशको पाँच जिल्लामा एक हजार ६५ 'क्विन्टल' चामल जन्म, मृत्युमा उपलब्ध गराएको छ । प्रादेशिक कार्यालयका प्रमुख बुढाले दिएको जानकारीअनुसार कालीकोट, डोल्पा, हुम्ला, जुम्ला र मुगुका स्थानीयवासीको मृत्यु तथा जन्म हुँदा चामल उपलब्ध गराएको हो । आर्थिक वर्ष २०८१–८२ मा २ सय ५१ र जन्म तीन हजार ४ सय २० जनालाई परिणामको चामल वितरण गरिएको उहाँले बताउनुभयो । प्रतिव्यक्तिलाई ३० केजी चामल र दूरीका हिसाबले ५ सय रुपैयाँदेखि एक हजार हजारसम्म ढुवानी भाडा दिने व्यवस्था रहेको छ।

अघिल्लो वर्ष कर्णालीका २१ ठाउँमा रहेका बिक्री तथा डिपोहरुबाट २६ हजार २ सय ३९ क्विन्टल दुई किलो चामल छुटसहित बिक्री भएको प्रदेशिक कार्यालयले जनाएको छ । जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु, दैलेख, जाजरकोट, रुकुम पश्चिम र सुर्खेतमा खाद्यान्न बिक्री भएको हो । दशैं, तिहार लक्षित गरेर स्थापना गरिएको सुपथ मूल्य पसलमा यो परिणाममा खाद्यान्न बिक्री भएको हो । चालु आवमा २७ ठाउँमा सुपथ मूल्य पसल सञ्चालन भइरहेका छन् । शहर केन्द्रित रहँदै आएका सुपथ मूल्य पसलहरु चालु आवदेखि गाउँ केन्द्रित गरिएको बुढाले जानकारी दिए। आगामी वर्षदेखि कम्पनीले आफ्नो सेवा थप विस्तारसँगै व्यवस्थित गर्न लागेको उनको भनाइ छ। रासस

# सगरमाथादेखि अन्टार्कटिकासम्म साइकल यात्राः निरञ्जन कतारमा


रामएकवाल राम

नेपालको सगरमाथादेखि अन्टार्कटिकासम्मको विश्व साइकल यात्रामा निस्केका साहसी युवा निरञ्जन अर्याल २ हप्ताअघि नै कतारमा आइपुगेका छन् । जलवायु सचेतना र मानिसका जीवनका मूल्य, मानसिक शान्ति र सकारात्मक सोचप्रति सचेत गराउने मुख्य उद्धेश्य बोकेर नेपालको सगरमाथाको चुचुरोदेखि अन्टार्कटिकासम्मको एकल साइकल यात्रामा निस्केका उनी कतार आइपुगेका हुन्।

अर्यालले सोलुखुम्बु जिल्लाबाट विश्व यात्रा शुरू गरेका उनी थाइल्यान्ड, लाओस, कम्बोडिया, भियतनाम, चीन, मलेसिया, सिंगापुर, भारत, साउदी अरेबिया हुँदै १३ महिनामा कतार आइपुगेका छन् । उनले १० देशमा साइकल यात्रा गरिसकेका छन् । कतार भ्रमणपछि आगामी महिनामा ओमन हुँदै अफ्रिकी मुलुकतर्फको यात्रा जारी रहने अर्यालले बताए ।

विश्वका सबैजसो देशहरूमा साइकल यात्रामा भ्रमण गरेर अन्तर्राष्ट्रिय स्तरमा जलवायु परिवर्तन र वातावरणीय चुनौतीप्रति सचेत बनाउने र आफ्नो राष्ट्रलाई विश्वमाझ चिनाउने आफ्नो उद्देश्य रहेको बताउँछन् । लामो दूरीको यात्रामा फरकफरक देशका फरक नियम कानून, सडक र यातयातहरुसँगै आर्थिक चुनौती मुख्य समस्या रहेको उनले थपे । यात्रामा विभिन्न बाधा अप्ठ्यारा सामना गर्दै आफ्नो सपना पूरा गर्ने यात्रीको लक्ष्य छ।

उनले मेकानिकल ब्रेकडाउन लगायत विभिन्न चुनौतीहरूका कारण तीन पटक आफ्नो साइकल बदलिसकेका छन् । उनी दिनमा लगभग १ सय ४० किलोमिटर यात्रा गर्छन् । भ्रमण आठदेखि दशवर्ष लाग्ने अपेक्षा गरिएको छ, जसमा अर्यालले बढीमा २०३४ सम्ममा पूरा गर्ने लक्ष्य राखेका छन्।

उनी एक्लै यात्रा गर्छन्, सीमानाहरू, कठोर हावापानी र गुगल नक्साद्वारा निर्देशित लामो राजमार्गहरू पार गर्छन् । आफ्नो विशाल अभियानको बाबजुद पनि, अर्यालले अहिलेसम्म कुनै कर्पोरेट वा सरकारी प्रायोजन पाएका छैनन् । उनले एसियाली विकास बैंकको नेपालमा सिँचाइ परियोजनाको पूर्व लेखाकारको रूपमा आफ्नो बचत र शुभचिन्तकबाट कहिलेकहीँ योगदानबाट आफ्नो यात्राको लागि आर्थिक सहयोग गर्छन्, तीमध्ये धेरैजसो नेपाली प्रवासीहरू हुन् । जसलाई उनले बाटोमा भेट्छन्।

'मानिसहरू दयालु छन्,' उनले भने, 'कतार, साउदी अरेबिया र अन्य देशमा रहेका मेरा नेपाली दाजुभाइ दिदीबहिनीले मलाई खाना र आवासको लागि मदत गर्छन् । म धेरै माग्दिनँ–पाङ्ग्राहरू चलाइराख्न केबल सानो मदत मात्र माग्छु ।' साइकल चालकले विशाल माउन्टेन बाइक प्रयोग गर्छन्, यद्यपि उनले मेकानिकल ब्रेकडाउन र भूभागका चुनौतीहरूका कारण तीनपटक आफ्नो साइकल बदलिसकेका छन्। उनी सामान्यतया दिनमा लगभग १ सय ४० किलोमिटर यात्रा गर्छन्, कहिलेकाहीँ मन्दिर, जंगल, समुद्र तट वा सडक छेउको पालमा सुत्छन्।

उनको यात्रा अवरोधरहित भएको छैन । भिसा प्रतिबन्ध र सीमा अस्वीकृतिदेखि आर्थिक कठिनाइसम्म अर्यालले धेरै चुनौती सामना गरेका छन्।

'नेपाली राहदानी विश्वको सबैभन्दा तल्लो श्रेणीमा पर्छ, त्यसैले भूमि सीमा पार गर्न गाह्रो छ,' उनले लाओस–कम्बोडिया सीमामा भएको तनावपूर्ण घटनाको सम्झना गर्दै भने, 'जहाँ उनलाई शुरूमा प्रवेश अस्वीकार गरिएको थियो र थप कागजात र नगदको व्यवस्था गर्न १ सय ७६ किलोमिटर साइकल यात्रा गर्न बाध्य पारिएको थियो।

तैपनि, अर्यालको दृढ संकल्प अटल छ । 'हिमालय बचाउनुहोस्, ग्रह बचाउनुहोस्,' शीर्षकको उनको अभियानले व्यक्तिहरूलाई साना तर अर्थपूर्ण कार्यहरू गर्न आह्वान गर्दछ – रूख रोप्ने, प्लास्टिकको फोहोर घटाउने र हरियाली यातायात बानीहरू अपनाउने । 'हामी हाम्रो आर्थिक स्थिति, हाम्रा ग्याजेटहरू, हाम्रा कारहरूमा धेरै केन्द्रित छौँ,' उनले भने, 'तर यदि ग्रह बाँच्न सक्दैन भने, हाम्रा घरहरू र हाम्रा परिवारहरू पनि बाँच्न सक्दैनन्।'

अर्याललाई आशा छ कि उनको यात्राले नयाँ पुस्तालाई दिगोपन र जिम्मेवारी अँगाल्न प्रेरित गर्नेछ । 'हामी मानव हौँ, हामीले अर्को पुस्ताको लागि केही फरक र राम्रो गर्नुपर्छ,' उनले भने, 'छोटो दूरीमा गाडी चलाउनुको सट्टा हिँड्नु वा साइकल चलाउनु पनि योगदान हो।'

कतारबाट युएईतर्फको आफ्नो यात्रा जारी राख्दै, अर्याल आफ्नो सन्देशको प्रभावको बारेमा आशावादी छन् । 'यदि म भ्रमण गर्ने प्रत्येक देशमा एक व्यक्तिले वातावरणको लागि काम गर्ने छनैट गर्छ भने, त्यो पहिले नै विजय हो,' उनले मुस्कुराउँदै भने, 'म सडकमा एक्लै हुन सक्छु, तर यो यात्रा हाम्रो ग्रह बचाउनमा विश्वास गर्ने सबैको हो।'

# 'बाबा सम्झेर टोलाइरहन्छन् छोराछोरी...'


–मधु शाही

मसुरीको दाल, रायोको साग, र टमाटरको चटनीसहित अम्बिका विश्वकर्माले श्रीमान् सन्तोषका लागि खाना पस्किन् । सन्तोष गहना पसलमा काम गर्थे । बिहानको खाना खाएपछि गहना बनाउने कामका लागि जानुपर्ने सन्तोषको दैनिकी थियो।

भदौ २३ गते भने सन्तोष सधैँ भन्दा अलि हतारमा देखिन्थे । अम्बिकाले त्यो दिन सम्झिँदै भनिन्, 'खै किन हतार थियो ? फोन आइरहेको थियो साथीहरुको । खाएर निस्किहाल्नुभयो ।' कामका लागि होला भन्दै अम्बिकाले छिटो खाना खुवाएर सन्तोषलाई बिदा गरिन् । 'छोराछोरीले बाउ खोज्छन्, साँझ बेलैमा आउनु है,' सन्तोषले अम्बिकातिर हेर्दै जवाफमा 'ल ! ल।' दुई शब्द मात्रै फर्काइन् । भदौ २३ गते बिहान १० बजे बिदा भएका सन्तोष रात बित्यो, फर्किएनन्।

दिनभर बानेश्वर संसद्भवनअगाडि आगजनी र गोली चल्यो भन्ने समाचार, भिडियोहरु अम्बिकाले सामाजिक सञ्जालमा हेरिरहिन् । त्यही संसद्भवन नजिकै आन्दोलनमा सहभागी भएका सन्तोषलाई अम्बिकाले गोली लागेको खबर राति १२ बजे मात्रै थाहा पाइन्।

काम गर्न भनेर निस्किएका श्रीमान् बेलुका आएरसँगै खाना खाउँला भन्ने प्रतीक्षामा रहेकी अम्बिकालाई श्रीमानलाई गोली लागेर अस्पताल भर्ना भएको खबर मध्यरातमा पाउँदा पृथ्वी भासिएझैं भयो।

खुट्टाहरु काँपिरहे । मुटु चिसो भयो । उदयपुरको बेलका नगरपालिका–४ देखि काठमाडौँ आएर सपरिवार बस्न थालेको एक वर्षमात्रै भएको थियो । काठमाडौँको रहनसहनमा त्यति अभ्यस्त हुन बाँकी अम्बिका विचल्लीमा परिन् । राति हिँड्ने स्थिति थिएन । भोलिपल्ट उनी सन्तोषका साथीहरुको सहयोगमा काठमाडौँमा भए जतिका अस्पतालमा घाइते श्रीमान् खोज्न हिँड्नुभयो । अन्तिममा वीर अस्पतालमा मृत शरीर रहेको थाहा भयो । गेटबाट भित्र प्रवेश गर्ने अवस्था थिएन । प्रहरीको कडा सुरक्षाले गर्दा आफ्नो मान्छेसमेत हेर्न जान पाइनन् । अम्बिकालाई त्यो दिन सम्झँदा अहिले पनि रिङ्गटा लाग्छ।

बोल्दाबोल्दै वाक्य बन्द हुन्छ । आँखाबाट आँशु टिल्पिलाउन थालिहाल्छ । अनि मन पोल्छ । अँध्यारो कोठामा चिच्याउँदै रुन मन लाग्छ । 'कति रुनुँ ? मैँ रोए छोराछोरीको मुहारमा हाँसो कसरी आउला ?,' अम्बिका यसैगरी फेरि कमजोर भएको मनलाई बलियो बनाएर छोराछोरीका लागि सङ्घर्ष गर्दैछिन् । उनको सङ्घर्ष अब राज्यसँग छ । आन्दोलनमा ज्यान गुमाएर शहीद भएका श्रीमान्को सपना पूरा गर्ने जिम्मेवारी अम्बिकाको काँधमा छ । दुई छोराछोरीको शिक्षादीक्षासँगै उदयपुर, बेलका–४ मा रहेका बुबाआमाको हेरचारसमेत गर्नुछ।

सन्तोष कान्छा छोरा हुन् । उमेरले ७० कटेका बृद्ध बुबाआमाको हेरचाह उनले नै गर्थे । मजदुरी गरेरै जीवन चलाएका सन्तोषको परिवारको अहिलेसम्म सरकारी भूमिमा स्वामित्व छैन । 'ऐलानी जग्गामा घर छ, कमाउने मान्छे ढल्यो।

सधैँ सुकुम्बासी बन्ने भइयो,' अम्बिका वेदना पोख्दै भनिन्, 'केही काम पाए, गर्थें । केटाकेटीको पेट पाल्न त सक्थैँ।' अम्बिकाका अनुसार सरकारले शहीदका नाममा १५ लाख रुपैयाँ राहत रकम दिएको छ । यीबाहेक जेन्जी आन्दोलनमा शहीद भएका परिवारका छोराछोरीलाई निःशुल्क शिक्षा प्रदान गर्ने, श्रीमान् वा श्रीमतीलाई रोजगार दिने आमा वा बुबामध्ये एक जनालाई पेन्सन दिनुपर्ने माग थियो। अहिले अम्बिका राज्यसँग पूरा हुन नसकेका माग प्राप्तिका लागि सङ्घर्षरत छिन् । श्रीमान बितेको दिन महिनादेखि अम्बिकाको आम्दानीको स्रोत बन्द भएको छ। सरकारी विद्यालयमा दुई छोराछोरी पढ्छन् । उनीहरुको भविष्यका लागि पनि अम्बिकालाई रोजगारी आवश्यक छ। उनी भन्छिन्, 'मैले जीवन साथी गुमाएँ, छोराछोरीले बाउको सहारा गुमाए । बाँच्ने आधार के हो ? राज्यले निकास दिनुपर्छ।'

जेन्जी शहीद परिवारका समूहमा उनले यिनै कुरा उठान गर्दै आएको छ । कलाकारितामा रुचि भएकी छोरीलाई कलाकार बनाउने सन्तोषको सपना अधुरै रहेको अम्बिकाले बताइन् । जेन्जी आन्दोलमा बुबा गुमाएको कुरा गरिरहँदा छोराछोरीको मनोविज्ञानमा असर परेको पनि उनको भनाइ छ । 'छोरीले बाबा सम्झिन्छिन्, छोरो टोलाइरहन्छ,' अम्बिका भन्छिन्, 'के काम गरेर पेट पाल्ने ? रोजगार छैन।' रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# निर्धारित समयमा निर्वाचन गर्न माग

**काठमाडौँ ।**
नेपाल ट्रेड युनियन कांग्रेसले निर्धारित समयमा निर्वाचन हुनुपर्ने मागसहित आज नेपाली कांग्रेसका कार्यवाहक सभापतिसमक्ष ज्ञापनपत्र बुझाएको छ ।
युनियनको गत २१ र २२ गते सम्पन्न केन्द्रीय समितिको बैठकले गरेको १३ बुँदे निर्णयहरूको ज्ञापनपत्र कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्कासमक्ष बुझाएको हो ।
ज्ञापनपत्रमा मूलतः महासङ्घ फागुन २१ गतेको घोषित आम निर्वाचनमा सबै सहभागी हुनुपर्ने, कांग्रेसले ताजा नीति तथा नेतृत्वसहित आम निर्वाचनमा जानुपर्ने, स्वदेश तथा विदेशमा रहेका श्रमिकहरूलाई कार्यस्थलबाट नै निर्वाचनको व्यवस्था गर्नुपर्ने, जेन्जी आन्दोलनपश्चात्को उद्योग कलकारखाना, पर्यटन क्षेत्रका प्रतिष्ठानहरूमा देखिएको समस्यालाई सरकारले तथा राजनीतिक दलहरूले गम्भीरताका साथ लिनुपर्ने लगायतका १३ बुँदे निर्णित बुँदाहरू रहेका छन् ।
युनियनका अध्यक्ष योगेन्द्र कुँवरले कार्यवाहक सभापति खड्कालाई युनियनका माग कार्यान्वयनका लागि ध्याकर्षण गराएको बताए ।
उनले उद्योग कलकारखाना बन्दको अवस्थामा पुगेको र पुँजी पलायन हुने खतरा बढेकामा चिन्ता व्यक्ति गरे ।
अध्यक्ष कुँवरले कांग्रेसभन्दा जेठो संस्थाका रूपमा क्रियाशील ट्रेड युनियनमा कांग्रेसको चार लाख सदस्य संख्या रहेको छभने विभिन्न पेसाकर्मीहरू रहेको २७ वटा श्रमिक सङ्गठन महासङ्घको सदस्य रहेको पनि प्रस्ट पारे ।रासस

# त्रिविको जग्गा फिर्ता ल्याउने प्रक्रियामा प्रधानमन्त्रीद्वारा प्रगति माग

**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले अपचलनमा परेको त्रिभुवन विश्वविद्यालयको जग्गा फिर्ता ल्याउने प्रक्रियामा भएको प्रगतिबारे जानकारी माग गरेका छन् । प्रधानमन्त्री कार्कीले मंगलवार दिउँसो सिंहदरबारमा अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, शिक्षामन्त्री महावीर पुन, सञ्चारमन्त्री जगदीश खरेलसमेतको उपस्थितिमा त्रिविका उपकुलपति प्रा दीपक अर्याल, रेक्टर प्रा खड्ग केसी, रजिस्ट्रार प्रा केदारप्रसाद रिजाललगायतसँग छलफल गरेका हुन । छलफलमा मुख्य सचिव एकनारायण अर्याल, जग्गा खोजबिन समितिका पदाधिकारीहरुको पनि उपस्थिति थियो ।
प्रधानमन्त्री कार्कीले प्रतिवेदन कार्यान्वयनमा हालसम्म भएको प्रगतिबारे जानकारी माग गर्दै आगामी प्रक्रियाका विषयमा चासो राखेका थिए । उनले प्रतिवेदन सार्वजनिक भएपछि के कति फिर्ता आयो, फिर्ता हुने प्रक्रिया कसरी अघि बढेको छ र दोषीमाथि कारबाहीको प्रक्रिया केके भयो भनेर जिज्ञासा राखेका थिए थियो ।
त्रिविका पदाधिकारीले विश्वविद्यालयको जग्गा ओगटेर बसेकाहरुलाई हटाउन र अपचलन भएर गएको जग्गाको लगत कायम गर्न सरकारको सहयोगको अपेक्षा रहेको बताए । गृहमन्त्री अर्यालले लगत कायम गर्ने प्रक्रियामा विश्वविद्यालय आफैँ अग्रसर हुनुपर्ने र कीर्ते गरी जग्गा हड्पिएको छभने प्रत्येक घटनाको अलगअलग मुद्दाका रुपमा सिआइबीलगायत निकायमा जाहेरी दिनुपर्ने बताए । जग्गा अपचलनमा सिआइबीको विशेषज्ञता र अनुभव पनि रहेकाले कारबाही अघि बढाउन तयार रहेको उनको भनाइ थियो ।
मुख्य सचिव एकनारायण अर्यालले प्रतिवेदनमा औँल्याइएका विषयमध्ये ६० प्रतिशत काम विश्वविद्यालय आफैँले गर्न सक्ने बताए । सबै कामका लागि सरकारको मुख ताक्न नहुने उनको धारणा थियो ।
शिक्षामन्त्री पुनले यो विषय धेरै नतन्काईकन गर्न सक्ने काम तुरुन्तै गरिहाल्नुपर्ने र यसका लागि सबै सरोकारवाला निकायहरुको प्रतिनिधि रहनेगरी कार्यदल बनाउनुपर्ने प्रस्ताव राखे ।
प्रधानमन्त्री कार्कीले असम्बन्धित सङ्घसंस्था र व्यक्तिहरुले त्रिविको जग्गा ओगट्ने, बल भएकै आधारमा मिचेर खाने र बेचबिखनसमेत गर्ने प्रवृत्ति तत्काल रोक्न निर्देशन दिए । साथै यसमा जो दोषी भए पनि तत्काल कठघरामा उभ्याउनुपर्ने उनको निर्देशन छ ।रासस

# मन्त्रिपरिषद्को निर्णय सार्वजनिक

**काठमाडौँ।**
सरकारले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत विभिन्न निकायमा अधिकृतस्तरका २५६ अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ।
मन्त्रिपरिषद् बैठकको यही कात्तिक २४ गतेको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले सो जानकारी दिएका हुन्।



मन्त्रालयअन्तर्गत काठमाडौँको कान्तिबाल अस्पताल र स्वास्थ्य बिमा बोर्ड तथा धनगढीको गेटा अस्पताल, बाँके खजुराको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र डडेल्धुराको डडेल्धुरा अस्पतालका लागि दरबन्दी स्वीकृत गरिएको हो।
मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा विभागको महानिर्देशक डा टङ्कप्रसाद बारकोटीले दिनुभएको राजीनामा स्वीकृत गर्ने निर्णय गरेको छ । यसैगरी मधेश प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गर्न र सुरेन्द्र लाभ कर्ण, धनुषालाई प्रदेश प्रमुखमा नियुक्ति गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको सञ्चारमन्त्री खरेलले जानकारी दिए।
यस्तै मन्त्रिपरिषद् बैठकले एमसिए–नेपालले निर्माण गर्ने ४०० केभी विद्युत् प्रसारणलाइन विस्तारका क्रममा नवलपरासी, पाल्पा, तनहुँ, चितवन, धादिङ, सिन्धुपाल्चोक, काठमाडौँ, नुवाकोट र मकवानपुर जिल्लास्थित सो प्रसारणलाइनको मध्यरेखाबाट २३–२३ मिटर दायाँ र बायाँका करिब एक हजार ३८१ हेक्टर क्षेत्रफलको जग्गामा कुनै प्रकारको संरचना निर्माण गर्न तथा रूख रोप्न नपाइने निर्णय गरेको छ।
बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने निर्णय गरेको सरकारले भूउपयोग–तेस्रो संशोधन) नियमावली, २०८२ पनि स्वीकृत गरेको छ । बैठकले नेपाल प्रहरीको प्रहरी महानिरीक्षक पदमा वरिष्ठतम् अतिरिक्त प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई बढुवा गर्ने निर्णय गरेको छ।
साविक रेशमखेती विकास कार्यक्रम धनकुटाको नाममा रहेको धनकुटा नगरपालिका–७ स्थित २५ रोपनी चार आना तीन पैसा जग्गा प्रादेशिक अस्पताल निर्माणका लागि उपयोग गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ। यसैगरी आगामी फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना गर्न स्वीकृति दिने निर्णय बैठकले गरेको छ।
नेपाली सेनाका दुई जना प्रमुख सेनानीलाई महासेनानी दर्जामा बढुवा गर्ने निर्णयसहित नेपाली सेनाद्वारा सञ्चालन हुने तालिम सहयोगका लागि नेपाली सेना र 'अफिस अफ डिफेन्स कोअपरेसन', अमेरिकी राजदूतावासबीच सम्पन्न भएको समझदारीपत्रको अवधि दुई वर्ष थप गर्न स्वीकृति दिएको सञ्चारमन्त्री खरेलले जानकारी दिए।
मन्त्रिपरिषद् बैठकले भारतको विशाखापटनम्मा यही कात्तिक २८ देखि २९ गतेसम्म आयोजना हुने ३०औँ 'पार्टनरसिप समिट' २०२५ मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हालाई स्वीकृति प्रदान गरेको छ।
यस्तै आगामी मङ्सिर ८ देखि १२ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा आयोजना हुने 'आइएइए स्कुल अन न्युक्लियर एन्ड रेडियोलोजिकल लिडरसिप फर सेफ्टी एन्ड फर न्युक्लियर सेक्युरिटी' कार्यक्रममा विज्ञान प्रविधि सचिव विश्वबन्धु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिने निर्णय गरेको नेपाल सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री खरेलले जानकारी दिए।रासस

# सशस्त्र प्रहरी महानिरीक्षक अर्याल भारत प्रस्थान

**काठमाडौँ ।**
सशस्त्र प्रहरी बल, नेपाल र भारतको समकक्षी सशस्त्र सीमा बल (एसएसबी) बीच हुने नवौँ समन्वयात्मक बैठकमा भाग लिन सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलवार त्यसतर्फ प्रस्थान गरेका छन् ।
महानिरीक्षक अर्यालको भ्रमण टोलीमा सीमा सुरक्षा विभाग प्रमुख गणेशबहादुर ठाडा मगर, प्रहरी नायब महानिरीक्षक दीपक रेग्मी, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक रामप्रसाद दास, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक किरण बस्नेत, गृह र परराष्ट्र मन्त्रालयका प्रतिनिधिलगायत सहभागी रहनुभएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए ।
सो बैठक यही कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा हुँदैछ । बैठकमा सीमा अपराध नियन्त्रण, लागुऔषध ओसारपसार नियन्त्रण, अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रण, सूचना आदानप्रदान र सीमा सुरक्षालाई थप सुरक्षित बनाउन समन्वय र सहकार्य गर्ने विषयमा दुई सुरक्षा निकायबीच छलफल हुनेछ ।
नेपाल–भारतबीच नियमित रूपमा हुँदै आएको समन्वयात्मक बैठकले दुवै देशको सीमा क्षेत्रमा शान्ति, सुरक्षा सुदृढीकरण, आपसी समन्वय र सहकार्यमा सहयोग पुग्ने विश्वास गरिएको छ ।
सशस्त्र प्रहरी महानिरीक्षक अर्यालको अनुपस्थितिमा निमित्त महानिरीक्षकको जिम्मेवारी सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेलले सम्हाल्नुहुने सशस्त्र प्रहरीले जनाएको छ ।रासस

# निर्वाचनको वातावरण बनाउन दलहरूको भूमिका

**काठमाडौँ ।**
कानून, न्याय तथा संसदीय मामिलामन्त्री अनिलकुमार सिन्हाले निर्वाचनको मुख्य पक्ष राजनीतिक दल भएकाले चुनावको वातावरण बनाउन उनीहरूको उत्तिकै भूमिका रहने बताएका छन् ।
नेपाल कानून समाजद्वारा मंगलवार यहाँ आयोजित 'आगामी प्रतिनिधिसभाको निर्वाचनः चुनौती र अवसर' विषयक अन्तक्रियामा उनले सरकार, राजनीतिक दल र अन्य सरोकारवाला पक्षबीचको घनिभूत छलफल र बहसले चुनावी वातावरण बनाउने धारणा व्यक्त गरे ।
मन्त्री सिन्हाले भने, 'जसका लागि चुनाव आवश्यक छ, उनीहरूले पनि वातावरण बनाउन भूमिका खेल्नुपर्छ, निर्वाचन गराउने सन्दर्भमा सबैले राम्रो नियत राखौँ, निकास दिऔँ ।' सरकारले आगामी निर्वाचनलाई केन्द्रित गरी राजनीतिक दल र नेतासँग निरन्तर संवाद गरिरहेको उल्लेख गर्दै उनले राज्य सञ्चालनको अनुभवका कारण कतिपय सन्दर्भमा केही कमीकमजोरी भए पनि वर्तमान सङ्कटबाट मुलुकलाई निकास दिलाउन भरमग्दुर प्रयास गरिरहेको स्पष्ट पारे ।
मन्त्री सिन्हाले विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार दिलाउनेसम्बन्धी प्रक्रिया र तयारीको अवस्था शून्य रहेको त्यसको सम्भावना पहिचान गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राखेको बताए । उनले भने, 'युवापुस्ताले अवसरको खोजी गरिरहेको छ, उनीहरूको भावनालाई सम्बोधन गर्न सरकार क्रियाशील छ, सङ्कटको निकास दिन जिम्मेवारीका काम भइरहेको छ, यसमा शङ्का गर्नुपर्दैन ।'रासस

# स्वास्थ्य क्षेत्रका कार्यक्रम र बजेटमा दोहोरोपना हटाउनुपर्नेमा जोड




**ललितपुर ।**
स्वास्थ्य सेवाका क्षेत्रमा सङ्घ, प्रदेश र स्थानीय तहले सञ्चालन गर्ने कार्यक्रम र बजेट तर्जुमामा हुने दोहोरोपना हटाउनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् ।
जनस्वास्थ्य कार्यालय ललितपुरले मंगलवार यहाँ आयोजना गरेको आर्थिक वर्ष २०८१–८२ मा सम्पादित कामहरुको समीक्षा एवम् योजना तर्जुमा गोष्ठीमा सहभागी अधिकांशले दोहोरोपनको समाधान गर्दै प्रविधिमैत्री सेवा र नागरिकलाई सहज सेवाका लागि तालिम प्राप्त जनशक्ति आवश्यक रहेकामा जोड दिएका हुन् ।
जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुँयालले स्वास्थ्यसम्बन्धी योजना र कार्यक्रमहरु तय गर्दा स्थानीयको आवश्यकताअनुसार तर्जुमा गर्नुपर्नेमा जोड दिए । 'स्वास्थ्य र शिक्षालाई एकद्वार प्रणालीमार्फत सेवा दिने व्यवस्था हुनुपर्ने हो, अझै पनि धेरै नागरिकहरुले प्रभावकारी स्वास्थ सेवा पाउन सकेका छैनन्, यसमा ध्यान दिनुपर्छ,' उनले भने ।
प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले तीन तहको स्वास्थ्य सेवामा अलमल भइरहेको बताईन ।
बागमती प्रदेश स्वास्थ्य निर्देशनालयका महाशाखा प्रमुख डाक्टर खगेश्वर गेलालले बागमती प्रदेशले चार अर्ब ९० करोड रुपैयाँ स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गरेको जानकारी गराउँदै विश्व स्वास्थ्य सङ्गठनले निर्दिष्ट गरेको मापदण्डअनुसार सङ्घ, प्रदेश र स्थानीय सरकारले कुल वार्षिक बजेटको १० प्रतिशत बजेट स्वास्थ्य क्षेत्रमा खर्च गर्नुपर्ने बताए ।
प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशक डा अर्जुन सापकोटाले स्वास्थ्य संस्थामा दुई बर्ष सेवा दिन सक्ने कर्मचारीको व्यवस्थापन गर्नुपर्नेमा जोड दिए ।
जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा भुवन पौडेलले नागरिकलाई केन्द्रविन्दुमा राखेर प्रभावकारी सेवा सञ्चालन गरिएको उल्लेख गरे । जिल्ला जनस्वास्थ्य कार्यालयले गत आव २०८१–८२ मा सञ्चालन गरेको कार्यक्रमहरुमा ७८ दशमलव ८ प्रतिशत आर्थिक प्रगति र ९६ प्रतिशत भौतिक प्रगति रहेको जानकारी गराउँदै आन्तरिक लेखा परीक्षणमा बेरुजु शून्य रहेको उनले जानकारी गराए । रासस

# तीन महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना

**काठमाडौँ ।**
पछिल्ला तीन महिनामा प्रेस स्वतन्त्रता हननका ५९ घटना घटेको प्रेस काउन्सिल नेपालले जनाएको छ । गत साउन १ गतेदेखि गत असोज ३१ गतेको अवधिमा सो संख्यामा प्रेस स्वतन्त्रता हननका घटना भएको काउन्सिलले जनाएको हो ।
तीमध्ये सबैभन्दा धेरै आक्रमण–कुटपिटका ३४ घटना रहेको काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवम् प्रवक्ता दीपक खनालले जानकारी दिनुभयो । त्यसैगरी धम्की–दुव्र्यवहारका १०, पेसागत असुरक्षाका आठ, कब्जा–अवरोधका पाँच र नीतिगत बन्देजका दुई घटना घटेको जनाइएको छ ।
प्रदेशअनुसार सबैभन्दा बढी बागमती प्रदेशमा ४४, मधेश प्रदेशमा ६, लुम्बिनीमा चार, कोशीमा तीन, सुदूरपश्चिममा एकवटा घटना घटेका छन् ।
लैङ्गिक आधारमा यस अवधिमा भएका घटनामा ४३ पुरुष र तीन महिला गरी ४६ जना पत्रकार पीडित भएको पाइएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरुपयोगका दुई घटना घटेकामा बागमती प्रदेशमा एक र मधेश प्रदेशमा एक घटना घटेका हुन् ।
यसैबीच प्रेस काउन्सिल नेपालको एक टोलीले जेन्जीको नाममा गत भदौ २३ र २४ गतेको प्रदर्शनका कममा काठमाडौँ उपत्यकाका सञ्चारमाध्यममा भएको तोडफोड, आगजनीबारे स्थलगत अनुगमन गरेको थियो ।रासस

# ‘हाइटेक टनेल’ बनाउन दुई करोडभन्दा बढी अनुदान



**पर्वत।**
कृषि उत्पादनलाई आधुनिकीकरण र व्यवसायीकीकरण गर्दै तरकारी उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने लक्ष्यसहित पर्वतको विहादी गाउँपालिका ‘हाइटेक टनेल’खेती विस्तार अभियानमा जुटेको छ।

कृषकलाई व्यावसायिक बनाउनका लागि गाउँपालिकाले ८० प्रतिशत अनुदानमा हाइटेक टनेल (आधुनिक प्रविधिबाट बेमौसमी तरकारीखेती गर्न बनाइएको संरचना) निर्माणका लागि सहकारी संस्था, कृषक समूह तथा व्यावसायिक कृषक फार्मबाट प्रस्ताव आह्वान गरेको छ।

स्थानीय किसानलाई प्रविधिमैत्री खेतीतर्फ आकर्षित गर्ने उद्देश्यसहित गाउँपालिकाले चालू आर्थिक वर्षमा हाइटेक टनेल निर्माण कार्यक्रम सञ्चालन गर्न दुई करोड २५ लाख रुपैयाँ विनियोजन गरेको छ । गाउँपालिकाको कृषि शाखाका अनुसार यो कार्यक्रमले उत्पादनमा विविधता ल्याउने, बेमौसमी सब्जी खेतीलाई निरन्तरता दिने र युवालाई कृषिमा पुनःआकर्षित गर्ने अपेक्षा गरिएको छ।

‘हामीले यस कार्यक्रममार्फत कृषकलाई प्रविधिको पहुँचमा ल्याउँदै दिगो आम्दानीको बाटो खोल्ने प्रयास गरेका हौँ,’ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत थमनबहादुर रेश्मीले भने । उनका अनुसार टनेल खेतीले परम्परागत प्रणालीभन्दा कम लागतमा बढी उत्पादन लिन सकिने भएकाले यसले कृषि क्षेत्रलाई नयाँ आयाम दिनेछ।

विहादीका अधिकांश किसानले विगत केही वर्षयता सानासाना टनेल प्रयोग गरेर प्रशस्त उत्पादन गरेका छन् । प्रविधिको पहुँच, पुँजी र संरचनाको अभावले हाइटेक टनेल खेती विस्तार गर्न नसकिएको स्थानीय किसानको भनाइ छ।

गाउँपालिकाले यही आवश्यकता महसुस गर्दै सहकारी, समूह र फार्मलाई सहभागी गराएर सामूहिक रूपमा आधुनिक टनेल निर्माण गर्ने तयारी गरेको गाउँपालिकाका अध्यक्ष परवीन गुरुङले जानकारी दिए।

‘छ वटा वडा रहेको विहादीमा मौसमी तथा बेमौसमी तरकारी उत्पादनका लागि प्रशस्त सम्भावना रहेको छ । यहाँका सयौँ कृषक व्यावसायिक कृषिमा लागेका छन् । सडकको राम्रो पहुँच विस्तार भएसँगै बजारको समस्या छैन,’ उनले भने।

कार्यक्रमअन्तर्गत सहभागी हुन चाहने कृषक, समूह वा सहकारीले सूचना प्रकाशित मितिदेखि १५ दिनभित्र आवश्यक कागजातसहित प्रस्ताव पेस गर्नुपर्ने अध्यक्ष गुरुङले जानकारी दिए। उनका अनुसार विशेषगरी हाइटेक टनेल खेतीमा सक्रिय कृषक समूहलाई प्राथमिकता दिइने छ।

यो कार्यक्रम सफल भएमा विहादी गाउँपालिकालाई ‘हाइटेक कृषि क्षेत्र’ का रूपमा चिनाउने पालिकाको कार्यक्रम रहेको अध्यक्ष गुरुङले बताए । स्थानीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्नसक्ने अवस्था सिर्जना गर्ने र गाउँमै रोजगारीका अवसर बढाउने अपेक्षा गरिएको उनको भनाइ छ । कृषि क्षेत्रलाई जोड दिँदै आएको विहादीले यसअघि पनि टनेल विस्तार अभियान थालेको थियो । टनेलसँगै मल्चिङ प्लाष्टिक, सिकेचर, स्प्रे तथा बीउबिजनमा अनुदान दिँदै आएको जनाएको छ।रासस

# क्यासिनोले अनुमति लिएर विदेशी मुद्राको कारोबार गर्नुपर्ने

**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले क्यासिनोसहित यस्ता प्रकृतिका संस्थाले अनुमति (इजाजत) लिएर मात्रै विदेशी मुद्राको कारोबार गर्नुपर्ने व्यवस्था गरेको छ । केन्द्रीय बैंकले एक सूचनामार्फत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा तीन अनुसार इजाजत लिएर मात्रै विदेशी विनिमयको कारोबार गनुपर्ने प्रावधान अनुसार नयाँ प्रबन्ध गरिएको जनाएको छ । विदेशी विनिमयका सम्बन्धमा विभिन्न विनियमावलीसमेत जारी भएको स्मरण गराउँदै केन्द्रीय बैंकले क्यासिनोलाई विदेशी विनिमयको कारोबार गर्न इजाजत प्रदान गर्ने सम्बन्धमा नयाँ व्यवस्था गरिएको जनाएको हो । क्यासिनो लगायतका संस्थाले इजाजत लिएर विदेशी विनिमय (भारतीय मुद्रा समेत)को कारोबार गर्नु÷गराउनु पर्ने केन्द्रीय बैंकको सूचनामा उल्लेख छ । त्यस्तै, भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन जारी गर्दै ‘प्रिपेड कार्ड’, ‘डेबिट कार्ड’ र ‘क्रेडिट कार्ड’बाट गरिने कारोबारको सीमा निर्धारण गरिएको छ । नयाँ व्यवस्थाअनुसार डेबिट कार्डबाट प्रतिकारोबार २० हजार रुपैयाँ बराबर मात्रै गर्न सकिने केन्द्रीय बैंकले जनाएको छ । यो व्यवस्थाअनुसार अब प्रतिदिन ५० हजार रुपैयाँ बराबरको मात्रै कारोबार हुनेछ । यसअघि प्रतिदिन एक लाख रुपैयाँ बराबरको कारोबार हुँदै आएको थियो।

यसैगरी, प्रिपेड कार्डबाट प्रतिकारोबार १० हजार रुपैयाँ बराबर मात्रै गर्न सकिनेछ । प्रतिदिन २० हजार रुपैयाँ बराबर मात्रै कारोबार गर्न सकिने र मासिक रूपमा दुई लाख रुपैयाँ बराबर कारोबार हुनेछ । प्रिपेड कार्डबाट हुने कारोबारमा भने कुनै संशोधन भएको छैन । क्रेडिट कार्डका हकमा स्वीकृत सीमाको १० प्रतिशतसम्म गर्न सकिने पूरानै व्यवस्था कायम छ।रासस

# केन्द्रीय बैंकले उपदान कोषको तीन अर्ब ७० करोड लगानी गर्ने

**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले उपदान कोषमा रहेको तीन अर्ब ७० करोड रुपैयाँ बराबरको रकम विभिन्न बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ। केन्द्रीय बैंकले एक सूचनामार्फत एक वर्षका लागि उपदान तथा पेन्सन कोषमा रहेको रकम लगानी गर्ने जनाएको हो।

सूचना अनुसार ‘क’ वर्गका वाणिज्य बैंकमा दुई अर्ब ९६ करोड रुपैयाँ, ‘ख’ वर्गका राष्ट्रियस्तरका विकास बैंकमा ५५ करोड ५० लाख रुपैयाँ, राष्ट्रियस्तरका वित्त कम्पनीमा १८ करोड ५० लाख रुपैयाँ बराबरको रकम लगानी गर्न लागिएको उल्लेख छ।

बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको दुई वर्ष पूरा भएको, बैंकबाट तोकिएको न्यूनतम कूल पुँजीकोष कायम रहेको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको हुनुपर्ने जनाइएको छ।

बैंक तथा वित्तीय संस्था कर्जा निक्षेप अनुपात केन्द्रीय बैंकले निर्धारण गरेको सीमाभित्र रहेको, अघिल्लो आर्थिक वर्षको नाफा–नोक्सान हिसाबअनुसार खुद मुनाफामा रहेको हुनुपर्नेलगात सर्त पूरा गरेको हुनुपर्नेछ। साथै बैंक तथा वित्तीय संस्थाले रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदरसहित आवेदन दिन सूचनामा आग्रह गरिएको छ।रासस

# झापा महिला गोल्डकप: उपाधि पुलिस क्लबलाई




**मोरङ ।**
विभागीय टोली एपीएफलाई पराजित गर्दै नेपाल पुलिस क्लबले झापा महिला गोल्डकपको उपाधि हात पारेको छ।

झापाको शिवसताक्षीस्थित दुधे रंगशालामा सोमबार सम्पन्न उपाधि भिडन्तमा एपीएफ एफसीलाई १–० ले पराजित गर्दै पुलिस क्लबले उपाधि चुमेको हो। उपाधि जित्ने क्रममा पुलिसकी मिना देउवा नायक बनिन्।

प्रतिस्पर्धात्मक बनेको फाइनल खेलको २२ औँ मिनेटमा देउवाको सशक्त प्रहार बचाउन एपीएफकी गोलरक्षक अञ्जना रानामगर असफल भइन्।

रेखा पौडलले पेनाल्टी बक्सबाट गरेको प्रहार एपीएफकी रक्षकलाई लागेर रिबाउण्ड हुँदा अनमार्क रहेकी देउवाले पेनाल्टी सुट प्रहार गर्ने स्थानबाट गोल गरेकी थिइन् । उपाधिसँगै पुलिसले १० लाख १० हजार रुपैयाँ हात पारेको छ । उपविजेतामा सीमित एपीएफले ५ लाख रुपैयाँमा चित्त बुझाएको छ । गोल्डकपमा ७ गोल गर्दै सर्वाधिक गोलकर्ता भएकी देउवाले सर्वोत्कृष्ट खेलाडीको समेत उपाधि हात पारिन् । ७ गोल गरेकी देउवाले २५ हजार रुपैयाँ र सर्वोत्कृष्ट खेलाडी हुँदै १ लाख ५० हजार रुपैयाँ पाइन्।

फाइनलमा प्लेयर अफ द म्याचको उपाधि पुलिसकी पूजा रानाले जितिन् । त्यसैगरी, उत्कृष्ट गोलकिपरमा नेपाल पुलिस क्लबकी उषा नाथ, उत्कृष्ट रक्षकमा एपीएफकी मनमाया दमाई, उत्कृष्ट मध्यपंक्तिमा एपीएफकी रेनुका नगरकोटी, उत्कृष्ट अग्रपंक्तिमा एपीएफकी अनिता बस्नेत, उत्कृष्ट प्रशिक्षकमा पुलिस क्लबका भोला सिलवाल र उदयमान खेलाडी त्रिभुवन आर्मी क्लबकी जेनिफर राना मगर भइन्।

# व्यावसायिक तरकारीखेती गरेर आत्मनिर्भर बन्दै मुक्तकमैया

**कञ्चनपुर ।**
शुक्लाफाँटा नगरपालिका–८ नौखरीका व्यावसायिक तरकारीखेतीमा संलग्न मुक्तकमैया मल्चिङ प्रविधिमा तरकारीखेती गर्न थालेका छन् । परम्परागत रूपमा खेती गर्दै आएका मुक्तकमैया परिवारलाई मुक्तकमैया महिला विकास मञ्च धनगढीले मल्चिङ प्रविधिमा तरकारीखेती गर्न सिकाएको हो । तरकारीखेतीमा संलग्न २५ मुक्तकमैया परिवारलाई मल्चिङ प्लाष्टिकसँगै खेती गर्ने तौरतरिका सिकाउने कार्य गरिएको मञ्चका निवर्तमान अध्यक्ष कौशिला चौधरीले बताए ।

‘प्राविधिकको व्यवस्था गरी मुक्तकमैया परिवारको आयस्तरमा सुधार ल्याउन आधुनिक तरिकाले तरकारीखेती गर्न सिकाएका छौँ,’ उनले भने, ‘बीउविजन, रासायनिक मल, कीटनासक, ढुसीनासक विषादी अनुदानमा उपलब्ध गराएका छौँ ।’

यस प्रविधिबाट तरकारीखेती गर्न थालेपछि पहिलेको जस्तो रोग कीरा, झारपातको समस्याबाट मुक्ति पाइएको स्थानीय किसान स्वस्तिमा चौधरीले बताए । ‘माटो चिस्यान राख्नका लागि यो प्रविधि सक्षम छ,’ उनले भने, ‘अधिकांश तरकारीखेतीमा संलग्न परिवारले तीन वर्षदेखि खुर्सानी, गोलभेँडा र सिमला मिर्चखेतीका लागि मल्चिङ प्रविधिको प्रयोग गर्दै आएका छन् ।’

यस प्रविधिबाट गरिएको खेतीबाट परम्परागत विधिभन्दा दोब्बर बढी उत्पादन हुन थालेको उनको भनाइ छ । उनका अनुसार एकै किसानले विगतमा मुस्किलले सिजनमा ५० हजारदेखि ७० हजार रुपैयाँ सम्मको तरकारी बिक्री गर्दथे भने हाल यस प्रविधिको प्रयोग हुन थालेपछि दुई लाखदेखि पाँच लाख रुपैयाँसम्मको तरकारी बिक्री गर्न थालेका छन् ।



नगरपालिकाको कृषि विकास शाखाका अधिकृत विनयराज जोशीले पछिल्ला वर्षमा किसानबीच मल्चिङ प्लाष्टिकको प्रयोग तीव्र रूपमा बढ्दै गएको बताए । तरकारीखेतीमा संलग्न मुक्तकमैया परिवारले यस प्रविधिको प्रयोग गर्न थालेपछि उत्पादन बढाउन सफल भएको उनको भनाइ छ ।

‘यो प्रविधिले माटोको आद्र्रता जोगाउने, झारपात नियन्त्रण गर्ने र बालीको उत्पादन वृद्धि गर्ने उद्देश्य राख्छ,’ उनले भने, ‘मल्चिङ प्लाष्टिकले माटोमा रहेका पानीको वाष्पीकरण हुन दिँदैन, जसले बालीलाई लामो समयसम्म आवश्यक नमी उपलब्ध गराउँछ । यसले सिँचाइको आवश्यकता घटाउँछ र पानीको सदुपयोग सुनिश्चित गर्छ ।’

उनका अनुसार सूर्यको प्रकाश माटोसम्म नपुग्दा झारपात उम्रन पाउँदैन, जसले श्रम र लागत दुवै घटाउँछ । यो प्रविधिले माटोको तापक्रम सन्तुलनमा राखी बिरुवा स्वस्थ राख्ने, माटोबाट सर्ने रोग र कीराको जोखिम घटाउने तथा रासायनिक विषादीको प्रयोगमा कमी ल्याउने कार्य पनि गर्छ ।

यस प्रविधि किसानका लागि निकै उपयोगी रहेको चर्चा गर्नुहुँदै उनले मल्चिङले वर्षा वा सिँचाइको पानीले मल बगाउने सम्भावना घटाउँछ र माटोमा रहेका पोषकतत्व स्थिर राखी उत्पादनशीलता वृद्धि गर्न सहयोग पुर्याउने बताए । मञ्चकी अध्यक्ष सीमा चौधरीका अनुसार मञ्चले विगत पाँच वर्षदेखि मुक्तकमैया समुदायका महिलाको आयआर्जनमा टेवा पुर्याउने उद्देश्यले तरकारीखेती, बङ्गुरपालन र कुखुरापालनलगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ । दुई दिनअघि मात्र तरकारीखेतीमा संलग्न १६ जना मुक्तकमैयालाई मल्चिङमा प्रयोग हुने प्लाष्टिक पूर्ण अनुदानमा उपलब्ध गराइएको बताईन ।

वडाध्यक्ष बहादुरसिंह महरा थोरै जग्गामा व्यावसायिक खेती गरेर मुक्तकमैया परिवार आत्मनिर्भर बन्दै गएकामा खुसी व्यक्त गरे । ‘पहिले अधिकांश मुक्तकमैया परिवार मजदुरी गरेर जीविकोपार्जन गर्दथे,’ उनले भने, ‘अहिले कोही आधुनिक तरिकाले तरकारीखेती गर्छन, कोही सीपमा आधारित कार्य गरेर आम्दानी गर्दै आएका छन्, वडाबाट पनि व्यावसायिक कार्य गर्ने मुक्तकमैया परिवारलाई प्रोत्साहित गर्दै आएका छौँ ।’रासस

# बागलुङमा ५३२ जना डेङ्गी सङ्क्रमित फेला




**बागलुङ।**
जिल्लामा पछिल्लो तीव्र गतिमा डेङ्गी सङ्क्रमण बढ्दै गएको छ । जिल्लाभर ५३२ जनालाई डेङ्गी सङ्क्रमण भएको हो । जिल्लाको बरेङ गाउँपालिकाबाहेक सबै पालिकामा सङ्क्रमित देखा परेका प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ।

जिल्लामा सबैभन्दा बढी बागलुङ नगरपालिका र सबैभन्दा कम तमानखोला गाउँपालिकामा सङ्क्रमित रहेका छन् । बागलुङमा २९५ र तमानखोलामा एक जनामा डेङ्गी सङ्क्रमित देखा परेका प्रदेश जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी देवप्रकाश घिमिरेले जानकारी दिए । सङ्क्रमण बढ्दै गएपछि लक्षण देखिएका बिरामीको दशवटै पालिकामा परीक्षण गरिरहेको उनले बताए।

घिमिरेका अनुसार दसैँ र तिहार पछाडि सङ्क्रमितको संख्या बढेको बताए।

'सङ्क्रमण बढेपछि परीक्षणलाई तीव्रता दिएका छौँ, वर्षात् हुँदासम्म त्यति सङ्क्रमण फैलिएको थिएन, अहिले बढिरहेको छ । बरेङ गाउँपालिकामा बाहेक अरु पालिकामा सङ्क्रमित भेटिएका छन,' उनले भने, 'धौलागिरि अस्पताल बागलुङमा, गलकोट अस्पताल, बुर्तिबाङ अस्पताल र कुस्मिशेरा प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको व्यवस्था मिलाइएको छ।'

डेङ्गी सङ्क्रमणबाट बच्नका लागि लामखुट्टेको टोकाइबाट जोगिनुपर्ने गलकोट नगर अस्पतालका प्रमुख डा राजेश पौडेलले बताए। खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडालगायत पानी जम्मा हुने स्थान र लामखुट्टेको बासस्थान नष्ट गर्नुपर्ने उनको भनाइ छ।रासस

# शान्ति पुनःस्थापना केन्द्रद्वारा ३९९ जनाको उद्धार

**बाँके।**
मानव बेचबिखन तथा ओसारपसारविरुद्ध क्रियाशील संस्था शान्ति पुनःस्थापना गृह बाँकेले आर्थिक वर्ष २०८१–८२ मा ३ सय ९९ महिला तथा बालबालिकाको उद्धार गरेको छ । नेपालगञ्जमा सोमबार आयोजित 'गत आवमा सम्पन्न कार्यक्रमको वार्षिक सामाजिक लेखापरीक्षण प्रतिवेदन प्रस्तुत' कार्यक्रममा बाँके जिल्ला कार्यक्रम संयोजक सम्झना चदाराले यीमध्ये छ जनाको भारतबाट उद्धार गरिएको जानकारी दिए।

उनका अनुसार उद्धार गरिएकामध्ये ३ सय ३ महिला तथा बालबालिकालाई अभिभावकको जिम्मा लगाइएको छ । चदाराले ९५ जनालाई प्रहरीको रोहवरमा अभिभावकलाई जिम्मा लगाइएको बताउँदै एक जनालाई पुनःस्थापनाका लागि अन्य संस्थामा पठाइएको उल्लेख गरे।

संस्थाले गत आर्थिक वर्षमा आठ जनाविरुद्ध मानव बेचबिखनको मुद्दा दर्ता गरेको छ। यो अवधिमा संस्थाले नौ हजार ३ सय ९४ जनालाई परामर्श दिएको शान्ति पुनःस्थापना गृहका क्षेत्रीय संयोजक सञ्जित सिंहले जानकारी दिए।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्र चौधरीले राज्यले गर्नुपर्ने काम सामाजिक सङ्घसंस्थाले गरेर मानव बेचबिखन तथा ओसारपसारविरुद्ध नागरिकलाई जागरुक बनाएको बताए।



उनले मानव बेचबिखन तथा ओसारपसारविरुद्धको अभियानमा सरकारी निकाय, सामाजिक सङ्घसंस्था र स्थानीय सरकारबीच समन्वयको खाँचो रहेको उल्लेख गर्दै आवश्यक सहकार्य र समन्वयका लागि आफू सदैव तत्पर रहेको धारणा व्यक्त गरे।

शान्ति पुनःस्थापना गृहकी संस्थापक अध्यक्ष शान्ता सापकोटाले मानव बेचबिखनविरुद्धको अभियानमा सबै एकजुट भएर सहकार्य र समन्वय गर्दै अघि बढ्नुपर्नेमा जोड दिए। आफूहरूले सीमित जिल्लामा कार्यक्रममाफैत अभियान सञ्चालन गरिएको भन्दै यसबाट केहीमात्रामा सहयोग पुगेको विश्वास व्यक्त गरे । उनले मानव बेचबिखनविरुद्धको अभियानमा राज्य नै जिम्मेवार भएर लाग्नुपर्ने आवश्यकता औँल्याए।

कार्यक्रममा बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारी, राष्ट्रिय मानव अधिकार आयोग नेपालगञ्जकी प्रमुख द्वारिका अधिकारी, शान्ति पुनःस्थापना केन्द्रका सल्लाहकार युवराज शर्मा, गङ्गा अधिकारी, गीता थारुलगायत वक्ताले आ–आफ्नो धारणा राखेका थिए।

शान्ति पुनःस्थापना गृहले बाँकेको विभिन्न पाँच स्थानमा आफ्नो सूचना तथा परामर्श केन्द्र स्थापना गरी मानव बेचबिखन तथा ओसारपसारविरुद्ध कार्यक्रम सञ्चालन गर्दै आएको छ। रासस

# सगरमाथा आरोहण गर्ने सुरक्षित बाटो खुल्ने

**सोलुखुम्बु।**
विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका लागि सुरक्षित बाटो आगामी चैतभित्रमा सञ्चालन हुने भएको छ । न्यूजील्याण्डका सर एडमण्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सन् १९५३ मा प्रयोग गरेको नुप्से हिमालतर्फबाट सगरमाथा आरोहण गर्ने मार्ग करिब ८० प्रतिशत निर्माण सकिएको पर्यटन विभागले जनाएको छ।

विभागका निर्देशक हिमाल गौतमका अनुसार यो मार्ग खुम्बु आइसफलतर्फको भन्दा सुरक्षित रहेकाले आगामी वसन्तयाम (स्प्रिङ) मौसमभित्र सञ्चालन हुनेगरी तयारी भइरहेको छ । यो करिब २०० मिटरजति लामो हुने भएकाले छोटो बाटोका लागि सिधै खुम्बु आइसफल हुँदै सगरमाथा आरोहण गर्ने मार्ग खोलिएको उनले बताए।

खुम्बु आइसफलको बाटो पहिलोपटक सन् १९८४ मा सञ्चालनमा ल्याइएको विश्व पर्वतारोहण महासङ्घका विज्ञ एवं पर्यटनविद् आङ्छिरिङ शेर्पा बताऐ । उनका अनुसार खुम्बु आइसफलको बाटो खुलेपछि परम्परागत मार्गको नामले परिचित नुप्सेतर्फको बाटो उपयोगविहीन भएको हो । यो बाटो खुम्बु आइसफलतर्फको भन्दा धेरैगुणा सुरक्षित र भरपर्दो रहेको उनको भनाइ छ।

सोही मार्गको खोजी, अनुसन्धान तथा पुनःसञ्चालनका लागि विश्वविख्यात आरोही तथा अनुसन्धानकर्ता स्पीडकाजी शेर्पा, फ्रान्सका आरोही मार्क वटाई र फ्रान्सकै अर्का विश्वविख्यात आरोही एन्ट्वान एरो◌ेलाई जिम्मा दिइएको पर्यटन विभागका निर्देशक हिमाल गौतमले जानकारी दिए । उनका अनुसार नुप्से हिमालको फेदीमा सगरमाथा आधार शिविर हुनेगरी मार्ग निर्माणको करिब ८० प्रतिशत सम्पन्न भइसकेको छ।

बाँकी २० प्रतिशत कार्य पूरा गरी आगामी वसन्तयाम (फागुन–चैत) भित्रमा सञ्चालन गर्नेगरी तयारी भइरहेको विभागका निर्देशक गौतमले बताए । 'विश्वविख्यात आरोही नेपालका स्पीडकाजी शेर्पा र सगरमाथा आरोही फ्रान्सका मार्क वटाईको टोली सक्रिय भएका छन्, मन्त्रिपरिषद्को निर्णयअनुसार विभागले अनुमति दिइसकेको छ,' उनले भने, 'यद्यपि त्यसका लागि सरकारको आर्थिक लगानी भने गरेको छैन।'

फ्रान्सस्थित विभिन्न पर्वातारोहण सङ्घसंस्थाको आर्थिक सहयोगमा पर्यटन मन्त्रालयले ऐतिहासिक बाटोलाई वैकल्पिक रूपमा खुलाउन लागेको गौतमले जानकारी दिए।

'सगरमाथा आरोहणका लागि अहिले सञ्चालनमा रहेको खुम्बु आइसफल हुँदै क्याम्प एकसम्मको बाटो असाध्यै जोखिमयुक्त मानिन्छ । बर्सेनि आधा दर्जनभन्दा बढी आरोहीले अरोहणका क्रममा सगरमाथा क्षेत्रमा ज्यान गुमाउने गरेका छन् । तीमध्ये एक चौथायी घटना खुम्बु आइसफलमा हुने गरेको छ,' विभागका निर्देशक गौतमले भने। सगरमाथा आरोहण गर्दा पहिलो जोखिम भनेको खुम्बु आइसफलमा हो । यहाँ हिउँ पग्लने, फाट्ने भइरहने हुनाले धेरै खतरा मोलेर जानुपर्ने सगरमाथा आरोही विजय घिमिरेले बताउनुभयो । नयाँ मार्ग नुप्सेको फेदीबाट खुम्बु आइसफल छलेर जाने भएकाले अन्यन्त उपयोगी र कम जोखिमयुक्त हुनसक्ने उनको भनाइ छ।



सोही बाटो हुँदै ७२ वर्षअघि तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीले पहिलो पटक सगरमाथा शिखरमा पाइला टेकेका थिए । यही पुरानो मार्गलाई पुनःजीवन दिनेगरी करिब १० जना विश्वविख्यात आरोहीसहितको समूहले करिब तीन वर्षअघिदेखि सक्रिय नयाँ पदमार्ग खोजी गरेको खोज तथा अनुसन्धानकर्ता स्पीडकाजी शेर्पाले बताए । उनका अनुसार आगामी वसन्तयाम (स्प्रिङसिजन) भित्र सो आरोहण मार्ग औपचारिक रूपमा खुल्ने तयारी तीव्र गतिमा अघि बढेको छ। काजीले भने, 'यो केबल हिमाल आरोहणको बाटो होइन। यो नेपालको इतिहास, गौरव र पहिचानको पुनर्जन्म हो, जसमा यसपटक स्थानीय समुदाय, नेपाली आरोही, अन्तरराष्ट्रिय दाताहरू र नेपाल सरकार सबैको सहकार्य जोडिएको छ । अहिलेसम्म पूरै मार्गको ८० प्रतिशत काम पूरा भइसकेको छ। बाँकी काम आगामी मार्च–अप्रिल अर्थात् वसन्तयामभित्र सक्ने लक्ष्य राखिएको छ।'

**सरकारद्वारा अनुमति प्राप्त**

सगरमाथाका लागि ऐतिहासिक मार्ग खुलाउन सरकारले काजी शेर्पा र फ्रान्सका मार्क वटाईको नेतृत्वमा अनुमति प्रदान गरेको छ। सङ्घीय सरकारको २०८१ पुस २१ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार शेर्पा र वटाईको टोलीलाई लिखित रूपमा अनुमति दिइएको विभागका निर्देशक गौतमले जानकरी दिए।

विभिन्न फ्रान्सेली संस्था तथा दाताहरूको आर्थिक सहयोगमा काम अघि बढे पनि अन्य सहयोग र समन्वयमा सङ्घीय सरकारअन्तर्गत पर्यटन विभागको साथ रहेको समूहको नेतृत्व लिनुभएका शेर्पाले बताए।

विभागले आरोही शेर्पाको नेतृत्वमा रहेको समूहलाई छ हजार १०० मिटर उचाइसम्म मार्ग विस्तार र निश्चित मार्ग निर्माणको लिखित अनुमति दिएको छ । 'सगरमाथा क्याम्प एकसम्म मात्रै अनुमति दिइएको छ। क्याम्प एकभन्दा माथि जाने बाटो भने एउटै छ,' पर्यटन विभागका निर्देशक गौतमले भने । यो मार्ग सञ्चालनमा ल्याउनसके आरोहण यामका बेला हालको आधार शिविरमा भइरहेको मानवीय चाप, कोलाहल तथा प्रदूषणलाई कम गर्न सकिने विभागको विश्वास छ । यो परियोजना नेपालको पर्वतारोहण इतिहाससँग सम्बन्धित भएकाले मन्त्रालयको सहमति र पर्यावरणीय स्वीकृतिसहित अघि बढाइएको गौतमले बताए । उनले भने, 'हामीले यसलाई सुरक्षित र स्थायी बनाउन सबै प्राविधिक मापदण्डमा ध्यान दिएका छौँ।'

**स्थानीय र अन्तरराष्ट्रिय सहकार्यको नमुना**

यो अभियानको विशेषता केबल सरकारी परियोजना मात्र नभएर मुलुकको इतिहाससँग जोडएको विज्ञको भनाइ छ। यस अभियानमा हिमालयन एक्सपेडिसन लुम्बिनी विकास कोषका गुडविल एम्बासडर तथा ग्रिसका कन्सुलर विक्रम पाँडेकाजीले पनि आर्थिक सहयोग गरेका छन। साथै पर्यटन विभागका तत्कालीन महानिर्देशक डा नारायणप्रसाद रेग्मीले प्राविधिक र नीतिगत समन्वयमा सक्रिय रूपमा साथ दिनुभएको शेर्पाले उल्लेख गरे।

फ्रान्सका एन्तोनियो इरोडले पनि टोलीसँग जोडिएर काम गरिरहेका छन। 'यो केबल मार्ग निर्माण होइन, यो विश्वका आरोहीहरूसँग नेपालको पुरानो सम्बन्ध पुनःस्थापना हो,' इरोडले भने । उनका अनुसार अहिलेसम्म करिब २ सय २० वटा निश्चित खुट्किला तयार भइसकेका छन्। 'यसले आरोहणमा प्रयोग हुने सुरक्षा डोरी र सिँढीहरूको आधार तयार गर्छ। कूल करिब २ सय ७० वटा खुट्किला बनाउनुपर्नेमा बाँकी ५० वटाको काम आगामी फागुन, चैतभित्र सम्पन्न हुने योजना छ,' उनले भने।

**चार लाख अमेरिकी डलरको अनुमानित लागत**

यो मार्ग पूर्ण रूपमा तयार गर्नका लागि करिब चार लाख अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ। अहिलेसम्म तीन लाख डलर खर्च भइसकेको आरोही काजी शेर्पाले बताए । बाँकी एक लाख डलर दाताहरूले अझै सङ्कलन गरिरहनुभएको उनको भनाइ छ।

शेर्पाले भने, 'मुख्य सहयोग फ्रान्सका पर्वतारोहण प्रेमी र निजी दाताबाट आएको छ । यो रकम निश्चित मार्गसहित खुट्किला निर्माण, सुरक्षा व्यवस्थापन, प्राविधिक उपकरण र मार्ग सफाइका लागि प्रयोग भइरहेको छ।'

**नयाँ बाटोः कम जोखिम, बढी सुरक्षा**

नयाँबाटो पुरानो खुम्बु आइसफल मार्गको विकल्पका रूपमा तयार हुँदैछ । खुम्बु आइसफल सगरमाथाको सबैभन्दा जोखिमपूर्ण भाग मानिन्छ। जहाँ वार्षिक रूपमा हिउँपहिरो र हिउँका ब्लक खस्ने घटनाले आरोहीको ज्यान लिने गर्छ। आरोहीको ज्यान लिने अधिकांश घटना खतरायुक्त खुम्बु आइसफल क्षेत्रमा हुने गरेको पर्यटन विभागका निर्देशक गौतमले बताए।

उनका अनुसार सगरमाथा आरोहणका लागि बर्सेनि करिब ५ सय जना विदेशी तथा ३ सय जति नेपाली सहयोगी गरी ८०० जनाभन्दा बढीले अनुमति लिने गर्दछन्। खुम्बु आइसफल जोखिमयुक्त भएकाले कतिपय आरोहीले आरोहण नगरी फर्कने गरेका गौतमको भनाइ छ।

अब खुल्ने भनिएको वैकल्पिक बाटो दूरीको हिसाबले करिब २ सय मिटर जति लामो रहेको जनाउँदै जोखिम निकै कम हुने आरोहण क्षेत्रका जानकारहरू बताउँछन्। पर्यटन विज्ञ आङ्छिरिङ शेर्पाले भने, 'यो बाटोले खुम्बु आइसफलको खतरा घटाउँछ र सगरमाथा आरोहण अझ सुरक्षित र विश्वसनीय बन्नेछ।'

यो बाटो खुल्दा नेपालको पर्वतारोहण उद्योगमा क्रान्ति ल्याउने विश्वास व्यक्त गर्दै उनले यो बाटो खुल्ने हो भने नेपालमा सगरमाथा आरोहणका लागि आउने आरोहीहरूको संख्या उल्लेख्य रूपमा वृद्धि हुने बताए।

**अन्तरराष्ट्रिय ध्यान पुनःसगरमाथातर्फ**

यो परियोजनाले अन्तरराष्ट्रिय पर्वतारोहण जगत्को ध्यान फेरि नेपालतिर तानेको छ। विश्वका प्रमुख पर्वतारोहण संस्था र डोनरहरूले यसलाई 'हिस्टोरिक रुट रिभाइभल' का रूपमा नियालेका छन् । मार्ग निर्माणका क्रममा उनीहरुले पर्यावरणीय सन्तुलनमा विशेष ध्यान दिएका छन्।

**पर्यटनमा हुने सम्भावित प्रभाव**

यो मार्ग खुल्नेपछि सगरमाथा आरोहणका लागि आउने पर्यटकको सङ्ख्या उल्लेखनीय रूपमा बढ्ने अनुमान गरिएको छ । नेपाल पर्वतारोहण सङ्घका अनुसार हरेक वर्ष करिब ८०० भन्दाबढी आरोही सगरमाथाको अनुमति लिन्छन् । तर खुम्बु आइसफलको जोखिमका कारण धेरै आरोही नेपाल बाहिरका अन्य हिमाल रोज्ने गरेका छन् । नयाँ मार्गले त्यो धारणा तोड्ने अपेक्षा गरिएको छ।

सगरमाथा क्षेत्रका पर्यटन व्यवसायी दावा शेर्पाले भने, यो बाटो खुल्दा नेपालका गाइड, पोर्टर र स्थानीय व्यवसायी सबैको रोजगारी बढ्नेछ। सगरमाथा पुनःविश्व पर्वतारोहणको केन्द्र बन्नेछ।'

**इतिहास, संस्कृति र आत्मसम्मानको पुनर्जन्म**

तेन्जिङ नोर्गे र एडमण्ड हिलारीले सन् १९५३ मा सगरमाथा आरोहण गर्दा नेपाली जनताको आत्मसम्मान विश्वमाझ पुगेको थियो। सगरमाथा आरोही तेम्बा छिरी शेर्पाले भने, 'हिँडेको बाटो पुनःखुल्दैछ, त्यसले त्यो गौरवलाई पुनर्जीवित गरेको अनुभूति सबैमा छ ।' यो मार्ग नेपालका युवाका लागि प्रेरणाको बाटो हो, सगरमाथा राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत भूमिराज उपाध्यायले भने, 'यो केबल चढाइ होइन, इतिहाससँगको पुनःसम्बन्ध हो।'रासस

# लोप हुँदै गोरुगाढा



**सुनसरी।**
दश वर्ष अगाडि सुनसरीको ग्रामीण क्षेत्रमा प्रत्येकको घरमा पाइने गोरुगाढा(बैलगाडी) पछिल्लो समय लोप हुँदै गएको छ।

जिल्ला सदरमुकाम इनरुवासहित देवानगञ्ज, बर्जु, गढी, कोसी, भोक्राहा हरिनगरलगायत क्षेत्रमा प्रायः सबै किसानको घरमा पाइने गोरुगाढा पछिल्लो समय लोप हुँदै गएको इनरुवाका किसान जसलाल यादवले बताए।

यातायातका साथै सामान ओसार्ने एउटा महत्त्वपूर्ण साधनका रूपमा रहेको गोरुगाडा कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण भएसँगै लोप हुँदै गएको उनको भनाइ छ।

बिहेमा जन्ती जानका लागि ग्रामीण भेगमा गोरुगाढाको प्रयोग हुँदै आएकामा सवारीसाधनको विकास भएसँगै प्रयोग घट्दै गएको बताउँदै देवानगञ्जका किसान रामवृक्ष मेहताले किसानले पनि कम प्रयोग गर्न थालेका उल्लेख गरे।

पहिला घरमा ओसार्नेदेखी सामग्री ल्याउन तथा बिहेबारीमा जन्ती जान, गर्भवतीको प्रसूति गराउन अस्पताल लान एम्बुलेन्सको काम पनि गर्ने साधनका रूपमा रहेको गोरुगाडा अहिले देखिन छाडिसकेको स्थानीयवासीले बताएका छन्।

किसानले कृषिकर्ममा गोरु र काठबाँसको प्रयोग गरी बनाएको गोरुगाडा पछिल्लो समयमा आएर हाते ट्र्याक्टर, ट्र्याक्टर अर्थात् प्रविधिको प्रयोग बढ्दै गएपछि प्रयोग घट्दै जाँदा लोप हुने अवस्थामा पुगेको छ।रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# विधान सभा निर्वाचन सम्पन्न

## सीमानाका सुचारु

**मधेशदृष्टि**
**वीरगंज।**
भारतको बिहार राज्यमा मंगलबार अन्तिम चरणको विधान सभा निर्वाचन सम्पन्न भएसँगै साँझबाट वीरगंजसहित मधेश प्रदेशका नेपाल भारत सीमानाका सञ्चालनमा आएका छन्।

निर्वाचनको कारण ७२ घण्टा देखि मधेश प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र सप्तरीसँग जोडिएका सीमा नाकाहरू पूर्णरुपमा बन्द भएका थिए । नेपालको सबैभन्दा ठूलो व्यापारिक नगरी वीरगंज–रक्सौल नाका ७२ घण्टादेखि बन्द हुँदा हजारौँ नेपाली र भारतीय यात्रु वीरगंज तथा रक्सौलमा रोकिन बाध्य भएका थिए । सीमानाका आज साँझदेखि सञ्चालनमा आएसँगै आवतजावतमा सहज हुनुका साथै सीमा क्षेत्रको जनजीवन समेत सामान्य बनेको छ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीका अनुसार, नेपाल–भारत सीमावर्ती जिल्ला समन्वय समिति (बीडीसीसी) को असोज २९ गतेको बैठकको समझदारीअनुसार कार्तिक २२ गते बिहान देखि २५ गते साँझसम्म नाका दुईतर्फी रूपमै शील गरिएको थियो।

बिहारको पूर्वी चम्पारण जिल्ला अन्तर्गत रक्सौल, अरेराज, सिकटा, मोतिहारी लगायत क्षेत्रमा आज अन्तिम चरणको मतदान सम्पन्न भएको छ । सुरक्षाको दृष्टिकोणले बिहार सरकारले ७२ घण्टा अगावै सीमा सिल गर्न आग्रह गरेको थियो। सीमा बन्द भएसँगै दुवै देशका सुरक्षा निकायले संयुक्त रूपमा सीमा क्षेत्रमा उच्च सुरक्षा सतर्कता अपनाएका थिए।

**सीमा नाकामा आउजाउ शुरु**

छिमेकी मित्रराष्ट्र भारतको बिहार राज्यमा हुने विधानसभा निर्वाचनलाई मध्यनजर गर्दै गत शनिबार साँझदेखि बन्द गरिएको सीमा नाकाको आवागमन सञ्चालनमा आएको छ। भारतको बिहार राज्यका महोत्तरीका सीमावर्ती विधानसभा क्षेत्रमा मंगलबार मतदान सम्पन्न भएसँगै साँझ ६ बजेदेखि आवागमन खुलेको हो। आवागमन खुल्नासाथ मटिहानी, भिठ्ठामोर, मनरा र सम्सीसहितका सीमावर्ती नेपालका बजारबाट दशगजा पारीका भारतीय बजार र उताका सर्वसाधारण नेपालतर्फ आउँजाउ गर्न थालेका छन् । महोत्तरीसँग सीमा जोडिएका बिहारको मधुवनी जिल्लाको हर्लाखी र सीतामढी जिल्लाका सुरसण्ड तथा परिहार विधानसभा क्षेत्रमा आज मतदान सम्पन्न भएसँगै आउजाउ खुलेको हो।

सीमाक्षेत्रमा दुबैतर्फका सर्वसाधारण घुमफिर, किनमेल र नातासम्बन्धका परिवारजनसँग भेटघाटका लागि आउजाउ गर्ने यहाँको बाक्लै चलन छ । बिहारको विधानसभा निर्वाचनलाई मध्यनजर गर्दै सीमावर्ती दुबैतर्फका जिल्ला प्रशासनले गत शनिबार साँझ छ बजेदेखि मंगलबार साँझ ६ बजेसम्मका लागि आवागमन पूर्ण बन्द रहने सूचना जारी गरेका थिए।

महोत्तरी जिल्लासँग भारतको बिहार राज्यका मधुवनी र सीतामढी सीमा जोडिएका जिल्ला हुन् । यी दुवै भारतीय जिल्लासँगको सीमा दूरी करिब ३९ किलोमिटर छ । सीमा क्षेत्रमा महोत्तरीतर्फ दोहोरो आउजाउका १० भन्दा बढी नाका छन् । यी सबै नाकाबाट अहिले दोहोरो आउजाउ खुलेको छ।

# निर्वाचनले देश, संविधान र जनताको भविष्यको जिम्मेवारी लिनुपर्छः श्रेष्ठ

**काठमाडौं।**
पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले निर्वाचनले देश, संविधान र जनताको भविष्यको जिम्मेवारी लिनुपर्ने बताएका छन् । नेपाल कानून समाजद्वारा आयोजित 'आगमी प्रतिनिधिसभाको निर्वाचनः चुनौती र अवसर' विषयक अन्तरक्रियामा उनले सरकार, राजनीतिक दल, जेन्जी पुस्ता, नागरिक समाजबीचको हार्दिकतापूर्ण संवादको माध्यमबाट त्यसखाले निर्वाचनको वातवारण बनाउन सकिने धारणा व्यक्त गरे।




संविधान निगरानी समूहका अध्यक्षसमेत रहेका श्रेष्ठले भने, 'आगामी निर्वाचन 'निर्वाचनका लागि निर्वाचन' नभई निर्वाचन कानून, पद्धति र प्रक्रिया सुधार गरेर लैजानुपर्छ, जसले आमजनता र युवा पुस्ताको भावनालाई सम्बोधन गर्न सकोस्, लोकतन्त्रको लामो अभ्यास भए पनि अहिले नेता बलिया र जनता कमजोर जस्तो देखिएको छ, यसमा रूपान्तरण हुनुपर्छ।'

नेपाली कांग्रेसका नेता राधेश्याम अधिकारीले प्रत्यक्ष निर्वाचित कार्यकारीले मुलुकमा अहिले उठेका सबै माग, मुद्दा र समस्या अन्त्य गर्छ भन्ने सोचमा पुनर्निचार गर्नुपर्ने बताए । उनले भने, 'अहिले कानून एकातिर छ, अभ्यास अर्कातिर छ, राजनीतिक दललाई विभाजन गर्नेमा दल र स्वयम् नेता लाग्नुभएको छ, विदेशमा रहेका नेपालीले मतदान गर्ने विषयमा कानूनी प्रश्न उठ्न सक्छ, त्यसप्रति अहिले नै सजग हौँ।'

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता अग्निप्रसाद खरेलले आफ्नो पार्टी लोकतान्त्रिक पद्धति र संविधान रक्षाका लागि प्रतिबद्ध रहकाले चुनावको उपयुक्त वातावरण बनेका खण्डमा निर्वाचनमा भाग लिन आतुर रहेको बताए । उनले भने, –निर्वाचनको वातावरण बनाउन मुख्य राजनीतिक दलसँग सरकारले हार्दिकतापूर्वक छलफल र संवाद गर्नुपर्छ, एमाले निर्वाचनबाट भाग्दैन, चुनाव गर्नुस्, भाग लिन्छौँ।'

नेपाली कम्युनिष्ट पार्टीका नेता खिमलाल देवकोटाले मुलुकमा अहिलेको परिस्थिति निर्माण हुनुमा ठूला राजनीतिक दलको गलत राजनीतिक अभ्यास र जेन्जी आन्दोलनको भूमिका रहेको बताए। उनले भने, 'संसद्को पुनःस्थापना निर्वाचनमार्फत गर्ने कार्यादेश छ, हतियार र फरार कैदी फिर्ता गरेर भयरहित निर्वाचन गर्ने वातावरण बनाउनुपर्छ, राजनीतिक स्थायित्वका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी हुनुपर्छ, त्यसका लागि सरकार जिम्मेवार भएर काम गर्नुपर्छ।'

राष्ट्रिय स्वतन्त्र पार्टीका नेता सन्तोष परियारले आन्दोलन र हिंसाका आधारमा नभई विधि र विधानबाट नै मुलुकमा राजनीतिक परिवर्तन गर्न सकिन्छ भन्ने आफ्नो पार्टीको मत रहेको बताए । उनले भने, 'निर्वाचनमार्फत जेन्जीका माग, लोकतन्त्र, संविधान, समावेशितालाई अझ बढी बल प्रदान गर्दै मुलुकको आगामी मार्गचित्र कोर्ने र सङ्कट अन्त्य गर्ने हुनुपर्छ।'

जेन्जी अभियान्ता मिराज ढुङ्गानाले मुलुकले २०८४ को निर्वाचन २०८२ मा खोजेको नभई सुशासन र भ्रष्टाचारका विषयमा उठेका मुद्दाको निकास खोजेको बताए। उनले प्रश्न गरे, 'निर्वाचन हुनुपर्‍यो भन्ने माग दलको हो कि जनताको ?, निर्वाचन गर्दैमा मुलुकमा उठेका सुशासन, भ्रष्टाचार, विकृति, बेथिती र राजनीतिक पुस्तान्तरणको माग सम्बोधन हुन सक्छ ?'

अर्का जेन्जी प्रतिनिधि भावना राउतले अहिलेको प्राथमिकता निर्वाचन मात्रै नभई निर्वाचन प्रक्रियामै आमुल सुधारको आवश्यकता भएकाले सरकारको पहिलो एजेण्डा संविधान संशोधन हुनपर्ने बताइन्। उनले भनिन्, 'पूराना राजनीतिक दल र सरकारले संविधानमा लेखिएको र गर्नुपर्ने दायित्व समयमै सम्बोधन नगरेका कारण जेन्जी आन्दोलन भएकाले त्यसको क्षतिको जिम्मेवार तत्कालीन सरकारले नै लिनुपर्छ ।' वरिष्ठ अधिवक्ता नारायण घिमिरेले जेन्जीका आवाज असल नागरिकको भावनाका रूपमा आएकाले उनीहरू उठाएका मुद्दालाई सम्बोधन गर्ने कार्यमा सरकार र राजनीतिक दलले सकारात्मक दृष्टिकोण राख्नुपर्ने बताए । संस्थाका कार्यकारी निर्देशक कृष्णमान प्रधान र कार्यक्रम निर्देशक मोहन आचार्यले नेपाल कानून् समाजले कानून् निर्माण, निर्वाचन र लोकतन्त्रको पक्षमा राजनीतिक दल, नागरिक समाज र विभिन्न सरोकारवाला सङ्घसंस्थासँग छलफल र वहस गर्दै आइरहेको बताए।

# राजदूत पौडेल स्वदेश फिर्ता

## कार्यबाहकमा राई



**रामएकवाल राम**
**कतार।**
कतारका लागि नेपाली राजदूत रमेशचन्द्र पौडेल बिहीबार साँझ स्वदेश फिर्ता भएका छन्। राजदूत फर्किएपछि दूतावासका उपनियोग प्रमुख कुमार राईले कार्यबाहक राजदूतको जिम्मेवारी सम्हालेका छन् । राईले यसअघि पनि कार्यबाहक राजदूतको भूमिका निर्वाह गरिसकेका छन्।

हालै परराष्ट्र मन्त्रालयले फिर्ता बोलाइएका ११ देशका राजदूतहरूलाई तीन दिनभित्र मन्त्रालयमा उपस्थित हुन दिएको पछिल्लो निर्देशनसँगै पौडेल नेपाल फर्किएका हुन् । पौडेलले सन् २०२४ को नोभेम्बर २२ मा कतारस्थित नेपाली दूतावासमा आफ्नो पदभार ग्रहण गरेका थिए । करिब एक वर्षको कार्यकालपछि उनी नेपाल प्रस्थान गरेका हुन्।

परराष्ट्र मन्त्रालयले गत सोमबार जारी गरेको पत्रमा कार्तिक १७ गतेको निर्णय अनुसार प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीस्तरीय निर्देशनका आधारमा राजदूतहरूलाई अर्को व्यवस्था नभएसम्म मन्त्रालयमा रही कामकाज गर्न नेपाल बोलाइएको उल्लेख छ।

नेपाल फर्किने तयारी भइरहेका बेला सर्वोच्च अदालतले ११ देशका राजदूतहरूलाई फिर्ता बोलाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश जारी गरे पनि त्यसको भोलिपल्टै सरकारले पुनः राजदूतहरूलाई तीन दिनभित्र मन्त्रालयमा हाजिर हुन निर्देशन दिएको थियो।

मन्त्रालयले चीन, जर्मनी, मलेसिया, इजरायल, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, संयुक्त राज्य अमेरिका र जापानमा कार्यरत ११ देशका राजदूतहरूलाई राजनीतिक नियुक्ति भन्दै फिर्ता बोलाएको हो । नेपाल सरकारले हालका लागि नयाँ राजदूत तुरुन्तै नियुक्त नगर्ने निर्णय गरेको हुँदा दूतावासका नियमित कार्यहरू उपनियोग प्रमुख राईकै नेतृत्वमा सञ्चालन हुने भएका छन् । राजदुत पौडेल कतार आउनुअघि पनि कार्यवाहकको भूमिका निर्वाह गरिसकेका राई आफूले पाएको जिम्मेवारीप्रति पूर्ण रुपमा विश्वस्त रहेको बताएका छन्।

# कुलमान घिसिङको पार्टी दर्ता हुँदै

**मधेशदृष्टि**
**काठमाडौँ।**
ऊर्जामन्त्री कुलमान घिसिङको 'उज्यालो नेपाल पार्टी' को नामावली विवरण निर्वाचन आयोगमा मंगलबार ५१ जनाको नामसहितको विवरण अद्यावधिक गरिएको छ । पूर्वऊर्जासचिव अनुप उपाध्यायलाई अघि सारिएको यो पार्टीमा चुनावको संघारमा मात्र घिसिङ सक्रिय हुने समझदारी बनेको छ।

दल दर्ताका लागि तीन महिनाअघि नै निर्वाचन आयोगमा पेश भएको 'उज्यालो नेपाल पार्टी' लाई ऊर्जामन्त्री कुलमान घिसिङले स्वामित्व लिएर नाम अद्यावधिक गरिएको हो। यसअघि ज्ञानबहादुर तामाङ अध्यक्ष रहने गरी निवेदन पेश भएकोमा त्यसलाई संशोधन गरी उपाध्यायलाई प्रस्ताव गरिएको उज्यालो नेपालमा सुदूरपश्चिममा स्वतन्त्र सांसद ताराप्रसाद जोशी पनि छन् । उनले नेकपा एसबाट विद्रोह गरी डडेल्धुराबाट चुनाव जितेका थिए।

त्यस्तै मन्त्री बन्न रोकिएकी टासी ल्हान्जोम पनि आयोगमा बुझाइएको केन्द्रीय सदस्यको सूचीमा छन् । केन्द्रीय सदस्यमा यसअघि काठमाडौँको उपमेयरमा स्वतन्त्र उम्मेदवार बनेर राम्रो मत ल्याएकी विद्या श्रेष्ठ महर्जन, एमालेबाट काभ्रेको चौँरी गाउँपालिका अध्यक्षमा उम्मेदवार बनेर गठबन्धनसँग हारेका गैरसरकारी संस्था महासंघका पूर्वअध्यक्ष जितराम लामा, सुशीला कार्की निकट अभियन्ता डा. अभिशेषकुमार सिंह, राजनीतिक अभियन्ता श्री गुरुङ, पहिचानवादी राजनीतिकर्मी डा. महेन्द्र लावती, डाकेन्द्र थेगिम, नेपाल रेडक्रस सोसाइटीका पूर्वकेन्द्रीय अध्यक्ष डा. विशाल भण्डारीलगायत समाजका विभिन्न क्षेत्रमा संलग्न व्यक्ति छन्।



टीममा डा. र इन्जिनियर उल्लेख्य छन् । पार्टीको अध्यक्ष नै इञ्जिनियर तथा पूर्व ऊर्जा सचिव अनुपकुमार उपाध्याय हुन् । त्यसबाहेक सदस्यहरूमा शंकर ढकाल, तेजनारायण यादव, निलिमा बस्नेत, दिपेन्द्र जमरकट्टेल, अरविन्द साह र राजेन्द्र शाही इञ्जिनियर छन् । त्यस्तै, डा. ताराप्रसाद जोशी, डा. महेन्द्रसुन्दर लावती, डा. सागर ढकाल, डा. अभिषेकराज सिंह, डा. राजु थापा, डा. विशाल भण्डारी, डा. आशुतोष विजय पन्तको नाम पनि सदस्यका रूपमा उल्लेख छ । कलाकार तथा कार्यक्रम सञ्चालक रिमा विश्वकर्मा पनि सदस्य छिन्।

# महिला क्रिकेट टोली भारत प्रस्थान

**कञ्चनपुर।**
नेपाल महिला राष्ट्रिय क्रिकेट टोली भारत प्रस्थान गरेको छ । उत्तराखण्ड क्रिकेट एशोसिएसनको आयोजनामा कात्तिक २७ गतेदेखि मङ्सिर ३ गतेसम्म भारतको देहरादुनमा स्थानीय टोलीसँग मैत्रीपूर्ण खेल खेल्न टोली भारत प्रस्थान गरेको हो।



महिला टोलीलाई जिल्ला क्रिकेट सङ्घ कञ्चनपुरले बिदाइ गरेको छ। देहरादुनमा हुने प्रतियोगितामा नेपालले भारतको राजस्थान, पश्चिमबङ्गाल र उत्तराखण्डसँग ६ खेल खेल्ने तालिका रहेको नेपाल क्रिकेट सङ्घ कञ्चनपुरका अध्यक्ष एवं क्यानका केन्द्रीय सदस्य वीरेन्द्रबहादुर चन्दले जानकारी दिए। उनका अनुसार नेपालले पहिलो खेल कात्तिक २७ गते राजस्थानविरुद्ध खेल्नेछ । यस्तै कात्तिक २८ गते उत्तराखण्डसँग, कात्तिक २९ गते पश्चिमबङ्गालसँग, आगामी मङ्सिर १ गते राजस्थानसँग, मङ्सिर २ गते उत्तराखण्डसँग र अन्तिम खेल मङ्सिर ३ गते पश्चिम बङ्गालविरुद्ध खेल्ने छ।

'विश्वकप क्रिकेट छनोटको तयारीका लागि महिला टोली भारत गएको हो, यो प्रतियोगिताबाट खेलाडीको क्षमता बढ्ने छ,' उनले भने । टोलीमा कप्तान इन्दु बर्मा, कविता कुँवर, साना परविन, रुबिवना क्षेत्री, अलिशा यादव, इश्वरी विष्ट, रोमा थापा, अश्मिना कर्माचार्य, सवनम राई, विन्दु रावल, पूजा महतो, लक्ष्मी साउद, मनीषा उपाध्याय, सीमाना केसी र ममता चौधरी छन्।

# जेन्जी आन्दोलनको क्षतिः

## तीन अर्ब ६८ करोड वीमा भुक्तानी

**काठमाडौँ।**
जेन्जी आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको वीमा दाबीमध्ये हालसम्म निर्जीवन वीमा कम्पनीले करिब तीन अर्ब ६८ करोड ४१ लाख रुपैयाँ भुक्तानी गरेका छन्।

नेपाल वीमा प्राधिकरणमा निर्जीवन वीमा कम्पनीबाट प्राप्त पछिल्लो तथ्याङ्कअनुसार आन्दोलनका क्रममा परेका वीमा दाबी कूल २३ अर्ब ४६ करोड ९१ लाख रुपैयाँ रहेको प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले जानकारी दिए।

ती दाबीमध्ये अग्रिम भुक्तानीसहित सम्पत्ति वीमातर्फ ६ सय ९३ वटा दाबीको १९ अर्ब चार करोड नौ लाख रकममध्ये करिब दुई अर्ब ९२ करोड ८६ लाख रुपैयाँ, मोटर वीमातर्फ दुई हजार २ सय ९० वटा दाबीको करिब तीन अर्ब ४७ करोड सात लाख रुपैयाँमध्ये ६८ करोड ६१ लाख रुपैयाँ भुक्तानी भएको कार्यकारी निर्देशक सुवेदीले बताए।

त्यसैगरी, इञ्जिनीयरिङ तथा ठेक्का जोखिम वीमातर्फ २ सय ९ वटा दाबीको करिब ५४ करोड ७५ लाख रुपैयाँमध्ये ६ करोड २३ लाख रुपैयाँ, परिवहन वीमातर्फ १२ वटा दाबीको करिब एक करोड ६८ लाख रुपैयाँमध्ये ४७ लाख रुपैयाँ र अन्य वीमातर्फ ४२ वटा दाबीको करिब ३९ करोड ३० लाख रुपैयाँमध्ये २३ लाख रुपैयाँ अग्रिम भुक्तानी भएको प्राधिकरणले जनाएको छ।

यसैबीच जेन्जी आन्दोलनक्रममा भएका क्षतिको वीमा दाबी भुक्तानीका लागि नेपाल पुनःवीमा कम्पनीले निर्जीवन वीमा कम्पनीलाई करिब दुई अर्ब ४८ करोड १० लाख रुपैयाँ अग्रिम भुक्तानी उपलब्ध गराएको प्राधिकरणले जनाएको छ।

नेपाल पुनःवीमा कम्पनीमा हालसम्म दुई हजार ८ सय ५७ वटा पुनःवीमा दाबी दर्ता भई सोको कूल रकम करिब १५ अर्ब ८२ करोड ७० लाख रुपैयाँ पुगेको छ । वीमा दाबी छिटो र पारदर्शी रूपमा भुक्तानी सुनिश्चित गर्न प्राधिकरणले वीमा कम्पनी र पुनःवीमा कम्पनीसँग निरन्तर समन्वय गरिरहेको कार्यकारी निर्देशक सुवेदीले बताए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन